small arms survey

नेपाल आर्मड भायोलेन्स असेसमेन्ट (नाभा)

# विषय प्रस्तुति

NEPAL ARMED VIOLENCE ASSESSMENT

क्रम संख्या १ ■ वैशाख २०७०

# मध्यवर्ती विद्रोही

## नेपालमा सशस्त्र समूहको परिदृश्य

### परिचय

वि.सं. २०६३ मंसिर ५ गतेका दिन नेपाल कम्युनिष्ट पार्टी माओवादी र सात पार्टी गठबन्धनले[१] विस्तृत शान्ति सम्झौता गरेपश्चात् १० वर्ष लामो सशस्त्र द्वन्द्व औपचारिक रूपमा अन्त भयो।[२] विस्तृत शान्ति सम्झौताले झण्डै दुई दशक लामो राजनीतिक तथा सामाजिक अस्थिरताको अन्त[३] गरी 'नयाँ नेपाल' निर्माण गर्ने अपेक्षा गरिएको थियो। सम्झौता पछिको ६ वर्षे अवधिमा कुनै कुरामा पनि सुधार भएको नपाइएको वा परिस्थिति द्वन्द्वकाल तथा द्वन्द्वोत्तर अवधिको जस्तै रहेकाले अपेक्षामा बादल छाएको छ।[४]

विस्तृत शान्ति सम्झौता पछिका वर्षमा पनि हतियारजन्य गतिविधिले निरन्तरता पायो, अपराधको परिमाणमा वृद्धि देखियो। तराई भेगमा वर्चस्व जमाएका र नेपालका अन्य भूभागमा पनि कायम रहेको मानिएका सशस्त्र समूहलाई यस निरन्तर अन्योलका कारक मानिन्छ (आईडिएलगायत, २०६८)। दक्षिण एसियाको राजनीतिक चरित्रको प्रतिनिधिमूलक पहिचानका रूपमा रहेको भूमिगत समूहकै एक सिलसिलाका रूपमा पनि स्वीकार गर्नेगरिएका यी सशस्त्र समूहले नेपालको वर्तमान राजनीतिमा समस्या सिर्जना गरेका छन्। उनीहरूको उत्पत्ति, भौगोलिक वर्चस्व र प्रोत्साहनबारे सिलसिलाबद्ध सूचना प्राप्त नभएतापनि उनीहरूको प्रभाव र नियतका बारेमा विभिन्न अड्कलबाजी गर्ने गरिएको पाइन्छ।

नेपाल सरकारले केही वर्षयता यी सशस्त्र समूहबाट हुने चुनौतीलाई औपचारिक रूपमा स्वीकार गरेको छ। सरकारले उनीहरूलाई गम्भीरताका साथ लिएको देखिन्छ- कडा तथा नरम व्यवहारका साथ यस्ता समूहसँग व्यवहार गर्दैआएको छ। सुरक्षाकर्मी लगाएर दबाउने र मध्यस्थताको विधि अपनाउँदै द्वन्द्व व्यवस्थापन गर्ने- सरकारले दुई धारको नीति लिएको छ (एड्भोकेसी फोरम, २०६७, पृष्ठ ११-२१, वनइण्डिया, २२ भाद्र २०६६)। विस्तृत शान्ति सम्झौतापछि सरकारलाई सशस्त्र द्वन्द्वरत समुह बारे बुझ्न कठिनाइ भएको छ। यस्तो दोहोरो नीतिलाई बुझ्नका लागि सशस्त्र समूहको व्यवहारका सम्बन्धमा भएको प्रावधान बुझ्नु आवश्यक छ। सम्झौतापछि सरकारलाई 'राजनीतिक' भनिएको शक्ति कति राजनीतिक हो वा 'आपराधिक' समूहभन्दा कति फरक छ, भन्ने बुझ्न कठिनाइ भएको छ। यसै नीतिअनुसार राजनीतिक समूहलाई वार्तामार्फत र आपराधिक समूहलाई प्रहरीको प्रयोग मार्फत दवाबपूर्ण तरिकाले तह लगाउने कार्य भइरहेको छ।

सशस्त्र समूहलाई वर्गीकरण गर्न र उनीहरूप्रति सरकारले अख्तियार गरेको नीति जस्तो भएतापनि आपराधिक समूहको गतिविधिमा ह्रास आएको सरकारको दावी छ। गृह मन्त्रालयका अनुसार वि.सं. २०६६ मा नेपालमा १०० भन्दा बढी आपराधिक समूह सक्रिय थिए (एड्भोकेसी फोरम, २०६७, पृष्ठ १३, नेपाल न्युज, २०६६, वनइण्डिया, २०६६)। तर वर्तमान अवस्थाको सरकारी तथ्यांकअनुसार केवल एक दर्जन समूह मात्र सक्रिय रहेको र करिब २० समूहले सशस्त्र संघर्ष त्यागेर सरकारसँग वार्ताको बाटो अपनाएका छन् (गिरी, २०६९)।[५] सरकारी कर्मचारी एवं सञ्चार माध्यमले सशस्त्र समूहको संख्यामा कमी देखाए पनि त्यस पछाडिको कारण पहिचान गर्नेतर्फ भने ध्यान दिएको पाइँदैन।[६] न त शहरी तथा ग्रामीण क्षेत्रमा हालसालै बढेको अन्य प्रकारको सशस्त्र हिंसा र आपराधिक गतिविधिका बारेमा विश्लेषण गरिएको देखिन्छ।

यस विषय प्रस्तुतिले नेपालमा सशस्त्र समूहको गतिविधि र अवस्थाका बारेमा विश्लेषण गरेको छ। यसले यी समूहको पृष्ठभूमि, विस्तृत शान्ति सम्झौतापछिको अवस्था, उनीहरूको विकास, समाजका अन्य समूहसँग मिल्दोजुल्दो व्यवहार, वर्तमान समयमा आएको ह्रासको कारण र राज्यसँगको सम्बन्धबारे अध्ययन गरेको छ। यसले तल उल्लिखित निचोडहरू निकाले को छ:

- पछिल्ला केही वर्षमा नेपालमा राजनीतिक अस्थिरताका बाबजुद पनि सशस्त्र समूहहरूको संख्यामा कमी आएको



नेपाली समाजमा सशस्त्र समुहको उपस्थिति जनाउने यो तस्वीर ललितपुरमा भदौ २०६९ मा धार्मिक पर्वका वेला आयोजना गरिएको जुलुसमा खेलौना बन्दुक बोकेर सहभागी बनेका एक भक्तको हो। © *नभेश चित्रकार/रोयटर्स*

छ । अझ वि.सं. २०६६ मा विशेष सुरक्षा योजनाको कार्यान्वयन र ग्रामीण क्षेत्रमा राज्यको बढ्दो सक्रियता तथा उपस्थितिपछि यिनीहरूको संख्या घटेको छ ।

- नेपालमा अझैपनि विभिन्न प्रकृतिका सशस्त्र समूह छन् जो स्थानीय गुण्डादेखि सामाजिक वा जातिगत आन्दोलन सञ्चालनमा सक्रिय छन्, आपराधिक समूह तथा राजनीतिक पहिचानका युवा सँगठनका रूपमा पनि उनीहरूको सक्रियता देखिन्छ ।
- नेपालका सशस्त्र समूहहरूले राज्यका लागि प्रत्यक्ष खतराका रुपमा देखिनुभन्दा मध्यमार्गी स्वरुप देखाएका छन् । उनीहरू न त सरकारको विरुद्ध केन्द्रित छन् न त समर्थनमा नै देखिन्छन् । कुनै राजनीतिक पार्टीका नेता वा सुरक्षाकर्मीको परोक्ष संरक्षणमा रहेर उनीहरू गतिविधि चलाइरहेका देखिन्छन् ।
- सशस्त्र समूह खासगरी तराई क्षेत्र, पूर्वी पहाड र काठमाडौं उपत्यकामा सक्रिय छन् ।
- सशस्त्र समूहसम्बन्धी समस्या समाधानका लागि अख्तियार गरिएको नीति 'कि राजनीतिक कि आपराधिक' बाट टाढा रहनु आवश्यक छ । सशस्त्र समूहको नियन्त्रणका लागि उनीहरूको संरचनात्मक चरित्र, उत्पत्तिको पृष्ठभूमि, राज्य र समुदायसँगको सम्बन्ध, कानुनसम्मत आर्थिक व्यवसायमा संलग्नता, हिंसाको प्रयोग र समूह विस्तारमा ध्यान दिनु जरुरी हुन्छ ।

## सशस्त्र समूहबारे अवधारणागत समस्या

नेपालमा पनि अन्य मुलुकमा जस्तै विभिन्न सशस्त्र समूहहरूबारे अभिलेखीकरण गरी वर्गीकरण गर्ने कार्य कठिन छ । यसको एउटा प्रमुख कारण गहन अनुसन्धानको अभाव नै हो । सशस्त्र समूहसम्बन्धी जानकारी प्राप्त गर्ने प्रारम्भिक स्रोत सम्बद्ध कर्मचारी र सञ्चार माध्यम हुन् । यसका अलावा केही बौद्धिक र नीतिगत आलेखहरू पनि स्रोतका रूपमा रहेका छन् । सशस्त्र समूह राजनीतिक रूपमा संवेदनशील विषय भएकाले सूचनाको कमी हुनु आश्चर्यको विषय भने होइन । प्रायः धेरैजसो समूहले कुनै स्थानीय राजनीतिक पार्टीसँग वा कानुनका रक्षकहरूसँग गोप्य साँठगाँठ राखेका देखिन्छन् ।[७]

यसका साथै, नेपालमा सशस्त्र समूहहरू अस्थिर रहने र निरन्तर फुट्ने गर्दछन् । सदस्यताको आधार पनि लचिलो देखिन्छ । तुलनात्मक रूपले स्थायी र सबल भनिएका समूह पनि निरन्तर रुपमा आफूलाई रूपान्तरण गरिरहन्छन् । उदाहरणका लागि, तराई क्षेत्रमा सक्रिय रहेका कैयौं समूहहरू माओवादी विद्रोहबाट उत्पन्न भएका हुन् । मुलुकमा अल्पसंख्यकहरूको पहिचानका सन्दर्भमा सुस्त परिवर्तन भइरहेका बेला यी समूहले आफूलाई राजनीतिक रुपमा प्रष्ट लक्ष्यका साथ प्रस्तुत गरे । यी समूहहरू वि.सं. २०६४ पछि स-साना आपराधिक समूहमा विभाजित भए । वि.सं. २०५५ तिर पूर्वी पहाडी क्षेत्रका समूहहरूले आदिवासीको अधिकारसहितको क्षेत्र माग गरे । संसदीय प्रजातन्त्रको दोस्रो कार्यकालमा अधिकारबाट वञ्चित भएको महसुस गर्नेमध्येका केही समूह[८] अधिकार प्राप्तिका लागि माओवादीमा लागे (लावती, २०६९, पृष्ठ १३५-१३७) । विस्तृत शान्ति सम्झौतापछि धेरै सशस्त्र समूहले आफूलाई राजनीतिक संरचना प्रदान गरेका छन् (आदिवासीको अधिकारका लागि स्थानीय राजनीतिक पार्टीसँग हातेमालो पनि गरेका छन्) भने केहीले 'भूमिगत' सशस्त्र चरित्र नै अंगीकार गरेका छन् ।[९]

सशस्त्र समूहहरूको प्रोत्साहन र उनीहरूको क्रियाकलापमा केन्द्रित हुन खोज्दा उनीहरूलाई वर्गीकरण गर्न गाह्रो पार्दछ । नेपालमा सशस्त्र समूहको सन्दर्भमा हुने गरेको बहसमा प्रायः 'लोभ र क्षोभ' को विषय सामेल भएको छ । यसको कारण यी समूहहरू भिन्न ध्रुवमा विभक्त हुनेगर्दछन्- आर्थिक लाभ या राजनीतिक दृष्टिकोणले (शर्मा, २०६७, पृष्ठ २४५) । कुनै ठोस राजनीतिक एजेण्डा बोकेर हिंडेका समूह (नेपालको सन्दर्भमा जातीय वा क्षेत्रीय हकका निम्ति कार्यरत) र राज्यको नीतिविरुद्ध उठाउने गतिविधि गर्ने समूह (वर्तमान अवस्थामा संघीयताका विषयमा कार्यरत) लाई सशस्त्र समूहका रूपमा हेर्नेगरिएको छ । प्रायजसो 'राजनीतिक' समूहबाट हुनसक्ने खतरा समाधानका लागि उनीहरूलाई निशस्त्रीकरण गरी वार्ताको बाटोबाट 'मूलधार'मा ल्याउने गरिएको छ । आर्थिक लाभका लागि काम गर्ने समूहलाई शान्ति सुरक्षाको समस्याका रुपमा लिइन्छ र सोहीअनुरूप उनीहरूमाथि कारबाही गरिन्छ (एड्भोकेसी फोरम, २०६७, पृष्ठ १४) । यी समूह विशेषतः अपहरण र फिरौती, विस्फोटक पदार्थको प्रयोग गर्ने धम्की दिने गर्छन् । अन्ततः यस्ता समूहले आर्थिक लाभको उद्देश्य लुकाउँदै राजनीतिक लक्ष्य बाहिर ल्याउने र राज्यका अगाडि सज्जन बनेर कारबाहीबाट बच्ने प्रयास गर्ने सम्बद्ध अधिकारीहरूको विश्लेषण छ ।[१०]

सूक्ष्म अध्ययनले राजनीतिक समूह र पैसाका लागि कार्यरत समूहको पहिचान सजिलै गर्न सकिन्छ । विश्वव्यापी रूपमा विकास भएको राजनीतिक तथा आर्थिक क्षेत्रबीचको सम्बन्धले यी दुई धारबीच पहिचान सरल भएको छ । बाहिरी वा घरेलु संरक्षक नभएको अवस्थामा हतियारधारी समूहहरू अस्तित्व रक्षाका लागि गैरकानुनी सञ्जाल निर्माण वा अन्य आयस्रोतमा भर पर्नुपर्ने हुन्छ । समयअनुसार आफ्नो अस्तित्वका लागि समूह विस्तार वा संकुचन गर्छन् । धेरै 'राजनीतिक' सशस्त्र समूह पनि आर्थिक लाभका लागि काम गर्ने समूह बन्न सक्दछन् । यो मानेमा हिजोको राजनीतिक समूह आज 'आर्थिक' वा 'आपराधिक' समूह बन्नसक्छ । यसरी यिनीहरूको गतिशील विस्तारका कारण सटीक वर्गीकरण गर्न निकै गाह्रो पर्दछ ।

यसो भनिए पनि यी समूहको वर्गीकरण गर्नै सकिन्न भन्ने चाहिं पक्कै होइन । यस किसिमको वर्गीकरण गर्दा निकै सावधानी पूर्वक अलमल नहुने किसिमले उनीहरूको उद्देश्य ध्यानमा राख्नुपर्दछ । आवरणमा रहेको उनीहरूको स्वरुपलाई मात्र ध्यान नदिई उनीहरूले लुकाउने गरेको स्वार्थलाई ध्यान दिनुपर्छ । यसको साथसाथै कुनै समूहलाई 'राजनीतिक', 'आर्थिक' वा 'आपराधिक' नामकरण गर्दा त्यसबाट उत्पन्न हुने राजनीतिक परिणामलाई पनि ख्याल गर्नुपर्छ, जसले त्यस समूह वा नेतालाई सीमान्तकृत बनाउने वा मान्यता प्रदान गर्ने गर्दछ । यस प्रकारको द्विविधालाई सम्बोधन गर्नका निमित्त लेखकले चार विधामा काम गरेका छन्, जसमा प्रमुख सूचना प्रदायकसँगको अन्तर्वार्ता र कार्यक्षेत्रगत भ्रमण पर्दछन् (कृपया बक्स १ हेर्नुहोस्) ।

## सशस्त्र प्रतिरोधको इतिहास

नेपालमा राज्यविरुद्ध सशस्त्र प्रतिरोधको इतिहास खोज्दै जाँदा १८औं शताब्दीको मध्यमा पुगिन्छ, जुन बेला मुलुक क्षेत्रगत निर्माण र राजनीतिक सुदृढीकरणमा लागेको थियो ।[१२] त्यस बेलादेखि मुलुकमा सशस्त्र गतिविधि सुरु भयो जो केन्द्रीय शासनको व्यवहारसँग सापेक्ष रहँदै कहिले अलि बढी त कहिले घटी अवस्थामा देखियो- त्यसको प्रभाव मुलुकभित्र र सीमा क्षेत्रसम्म पनि देखियो । पूर्वी पहाडी क्षेत्रमा १८औं शताव्दीको अन्त्य र १९औं शताव्दीको सुरुमा सशस्त्र गतिविधि देखापरेको थियो जसमा गोर्खा राज्यले लिम्बुवान समूहको स्थानीय स्वायत्ततालाई दबाउन खोज्दा उनीहरूले विद्रोह गरेका थिए (आइसीजी, २०६८, पृष्ठ ३-४) । नेपाल-चीन युद्धका बेला (१८४५-१८५० साल) केही आदिवासी लिम्बु तथा भोटे समूहले चीनलाई नेपाल राज्यमाथि आक्रमण गर्न सघाए (लावती, २०६४, पृष्ठ ३१-३४) । २० औं शताव्दीको प्रारम्भमा राज्यले आदिवासी जनजातिमाथि गरेको पक्षपात र दमनकारी नीतिको विरुद्ध ठूलो जनसमूह विद्रोहमा उत्रियो । वास्तवमा १९५७ देखि २००७ सालसम्ममा नेपालमा कम्तीमा ६ वटा विद्रोह भए, जो जनजाति र धार्मिक प्रकृतिका थिए । अधिकांश यस्ता सशस्त्र विद्रोहलाई जहानिया राणा शासन (१९०३ देखि २००७ साल) ले तत्कालै दबायो । जहाँ विद्रोही तथा विरोधीलाई मारियो, देशनिकाला गरियो अथवा जेलमा कोचियो (लावती, २०६४, पृष्ठ ३३) ।

छिमेकी भारतबाट २००४ सालमा[१३] बेलायत हटेपछि नेपालमा नयाँ राजनीतिक जागरणले

## बक्स १: विधि तथा प्रमुख सूचना प्रदायक अन्तर्वार्ता

कार्यक्षेत्र अध्ययन वि.सं. २०६८ र २०६९ मा काठमाडौं, बाँके, बर्दिया, धनुषा, महोत्तरी र सिराहा जिल्लामा गरिएको थियो ।[११] विभिन्न सरोकारवाला संस्था जस्तै अन्तर्राष्ट्रिय निकाय, स्थानीय नागरिक समाज, राजनीतिक पार्टीहरू, स्थानीय सरकारी कर्मचारी एवं सुरक्षाकर्मीका साथै विभिन्न क्षेत्र, वर्ग र पेशामा संलग्न व्यक्तिहरूले सशस्त्र समूहको उत्पत्ति र निरन्तरतालाई कसरी हेरेका छन् भनी अध्ययन गरिएको थियो ।


| मिति | अन्तर्वार्ता तथा अनौपचारिक छलफल |
|---|---|
| ०२ असोज २०६९ | नेपालमा कार्यरत अन्तर्राष्ट्रिय मानवअधिकार प्रतिनिधि |
| ०२ असोज २०६९ | सुरक्षा क्षेत्रका दुई परामर्शदाता (एक अन्तर्राष्ट्रिय र एक स्थानीय) |
| ०३ असोज २०६९ | स्थानीय राजनीतिक तथा सुरक्षा परामर्शदाता |
| ०३ असोज २०६९ | स्थानीय सुरक्षा विश्लेषक (पूर्व सैनिक अधिकृत) |
| ०३ असोज २०६९ | राजनीतिक तथा सुरक्षा परामर्शदाता, काठमाडौं |
| ०४ असोज २०६९ | स्थानीय सुरक्षा विज्ञ, तराई |
| ०८ असोज २०६९ | अन्तर्राष्ट्रिय नागरिक समाजका अगुवा तथा दक्षिण पूर्वी एसियाका राजनीतिक विश्लेषक |
| ०९ असोज २०६९ | आदिवासी समुदाय लिम्बुवानको प्रतिनिधित्व गर्ने स्थानीय नागरिक समाजका अगुवा |
| १० असोज २०६९ | पूर्व मन्त्री जसले सशस्त्र समूहका साथ वार्ता गरेका थिए |
| १० असोज २०६९ | पत्रकार जसले तराईका सशस्त्र समूहका विषयमा समाचार लेख्छन् |
| ११ असोज २०६९ | विश्वविद्यालयक प्राध्यापक जसले द्वन्द्व तथा विकास र पूर्वी पहाडका सशस्त्र समूहका विषयमा काम गर्छन् |
| ११ असोज २०६९ | मानवअधिकार, द्वन्द्व व्यवस्थापन, हिंसा र विकासबारे काम गर्ने अन्तर्राष्ट्रिय नागरिक समाजका कर्मचारी |
| १२ असोज २०६९ | स्वतन्त्र राजनीतिक विश्लेषक, एकीकृत नेकपा माओवादीका पूर्व केन्द्रीय कमिटी सदस्य |
| १४ असोज २०६९ | नेपाल कम्युनिष्ट पार्टी- माओवादीका उच्च पदका महिला सदस्य |
| १५ असोज २०६९ | युवा मुद्दाका विषयमा कार्यरत नागरिक समाजका अगुवा, जो तराईमा शिक्षण तथा व्यापारी पेशामा छन् |
| १६ असोज २०६९ | निजी क्षेत्रका विषयमा कलम चलाउने काठमाडौंमा कार्यरत तीन पत्रकार |
| १६ असोज २०६९ | प्राध्यापक जो तराईमा माओवादी तथा सुरक्षाबारे लेखपढ गर्छन् । |
| १७ असोज २०६९ | मधेशी नागरिक समाजका अगुवा |
| १७ असोज २०६९ | नेपाल कम्युनिष्ट पार्टी- माओवादीका वरिष्ठ नेता जो युवा विभाग हेर्छन् |
| १८ असोज २०६९ | माओवादी जनमुक्ति सेनाका वरिष्ठ कमाण्डर |
| १८ असोज २०६९ | नेपाल प्रहरीका दुई वरिष्ठ अधिकारीसँग अनौपचारिक छलफल |
| १८ असोज २०६९ | माओवादी विश्लेषक जो पत्रकारका रूपमा पनि कार्यरत छन् । |
| १९ असोज २०६९ | सशस्त्र प्रहरी बलका उच्च अधिकृतसँग अनौपचारिक छलफल |
| १९ असोज २०६९ | सशस्त्र प्रहरी बलका अधिकृतसँग अनौपचारिक छलफल । |
| १९ असोज २०६९ | स्थानीय नागरिक समाजका अगुवा जो सुरक्षा तथा शान्ति प्रक्रियाका विश्लेषक पनि हुन् । |
| २१ असोज २०६९ | सेना समायोजनमा काम गरेका पूर्व रथी |
| २२ असोज २०६९ | राजनीतिक विश्लेषक, काठमाडौं |
| २२ असोज २०६९ | माओवादी महिला पूर्व कमाण्डर, नेकपा-माओवादी केन्द्रीय कमिटी सदस्य |
| २४ असोज २०६९ | नेपालस्थित सुरक्षाका विषयमा कार्यरत अन्तर्राष्ट्रिय नागरिक समाजको कार्यालयका कर्मचारी |
| २४ असोज २०६९ | मानवअधिकार हनन अनुगमन तथा सुरक्षा विषयमा कार्यरत स्थानीय नागरिक समाजका सदस्य |

गति लियो । नेपाली कांग्रेसको नेतृत्वमा बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रको स्थापनाका लागि राणा शासनविरुद्ध सशक्त आन्दोलन चल्यो । यसका लागि शान्तिपूर्ण आन्दोलनको आह्वान गरिए तापनि पार्टीले भित्रभित्रै जनमुक्ति सेना गठन गरेको थियो, जसको उद्देश्य राणा शासनलाई विस्थापित गर्नु थियो । जनमुक्ति सेना नेपाल-भारत सिमानामा परिचालन गरिएको थियो जहाँबाट उसले नेपालका विभिन्न शहरहरू खासगरी पूर्वी तथा मध्यपश्चिम क्षेत्र नियन्त्रणमा लिदै गयो (बस्नेत, २०६६, पृष्ठ १६, पाठक र उप्रेती, २०६८, पृष्ठ २५) । यस विद्रोहलाई पूर्ण सफल भने मानिन्न, किनकि यसले पूर्णतः राज्यशक्ति राजनीतिक दललाई हस्तान्तरण गर्न सकेन । फलस्वरुप प्रजातन्त्र एक दशक पनि टिकेन (ह्वेपटन, २०५४, पृष्ठ ४५)[१४] जेहोस्, राज्य-शक्तिविरुद्ध लड्ने पहिलो सशस्त्र समूह जनमुक्ति सेना हो, जसमा महिला, आदिवासी समूह तथा तल्लो जातका नागरिकलगायत सबै संलग्न थिए । २०५२ सालमा सुरु भएको माओवादी विद्रोह र यसको जनमुक्ति सेनामा त्यसको प्रतिविम्ब देख्न सकिन्छ (बस्नेत, २०६६, पृष्ठ १६) ।[१५]

सशस्त्र विद्रोहको महत्वपूर्ण अर्को चरण कम्युनिष्ट आन्दोलनले अघि बढाएको देखिन्छ जो छिमेकी भारतमा आएको राजनीतिक तथा सामाजिक परिवर्तनको अनुसरण गर्दै अघि बढ्यो (बोवान्स, २०६०) । भारतीय कम्युनिष्टहरूको सक्रिय सहयोगमा २००३ सालमा भारतकै कलकत्ता शहरमा नेपाल कम्युनिष्ट पार्टीको जन्म भयो । नेपालको पहिलो चरणको प्रजातान्त्रिक अभ्यास (२००७ सालदेखि २०१७ सम्म) मा यसको विस्तार भयो र २०१५ सालको निर्वाचनमा सहभागी पनि भयो । निर्दलीय पञ्चायत कालमा (२०१७-२०४७) आफ्ना कयौं कार्यकर्ता जेल परे तापनि पार्टीले आफ्ना गतिविधि गुप्त रुपमा सञ्चालन गरिरह्यो । पार्टीका कार्यरर्तामाथिको कारबाही र प्रजातान्त्रिक राजनीतिमाथिको प्रतिबन्धले २०२८ सालमा पहिलो कम्युनिष्ट विद्रोह विस्फोट भयो । भारतको पश्चिम बंगालस्थित नक्सलाइट कम्युनिष्ट विद्रोहबाट अभिप्रेरित भएर 'वर्ग-सत्रु' सफाया गर्ने अभियानअन्तरगत झापा जिल्लामा हिंसा सुरु भयो । केही व्यक्तिहरूमाथि आक्रमण गरियो, सर्वसाधारण मारिए (लावती, २०६७, पृष्ठ १०) । यस विद्रोहलाई आजसम्म पनि झापा विद्रोहका नामले चिनिन्छ । हिंसात्मक विद्रोह सुरु गर्ने नेपाली कम्युनिष्ट आन्दोलनको यो पहिलो प्रयास थियो । तर, यस प्रकारको प्रचार अभियानलाई राज्यले कठोरताका साथ दमन गर्‍यो ।

२०४७ मा संसदीय व्यवस्थाको आगमन भएपछि नेपालमा सर्वाधिक चर्चा कमाएको सशस्त्र विद्रोह देखियो । विश्वका अन्य मुलुकमा जस्तै नेपालको प्रजातन्त्रले पनि पूर्ववर्ती व्यवस्था (पञ्चायत) का सबै कमजोरीलाई सम्बोधन गर्न सकेन (शर्मा, २०६२, पृष्ठ १२४४-४५) । खासगरी ग्रामीण जनताको जीवनमा सामाजिक तथा आर्थिक परिवर्तन आउन सकेन, राजनीतिक दलहरूबीचको कलह र फुट निरन्तर जारी रह्यो, जसले गर्दा जनविद्रोहलाई मलजल पुग्यो । यही पृष्ठभूमिमा नेपाल कम्युनिष्ट पार्टी माओवादीले जनयुद्ध सुरु गर्‍यो ।[१६] २०५२ सालको माघ २९ गते मध्यमाञ्चल र मध्यपश्चिमाञ्चलका दुई प्रहरी चौकी आक्रमण गर्दै सुरु भएको माओवादी जनयुद्धको लक्ष्य गाउँबाट शहरलाई घेर्नु र अन्ततः जनसरकार गठन गर्नु रहेको थियो (हट, २०६१बी, पृष्ठ ५-६)[१७]

माओवादीको सबल पकड प्रारम्भमा उसको 'आधार क्षेत्र' मध्यपश्चिमाञ्चलमा जिल्लाहरूमा थियो, पछि विस्तारै तराई र पूर्वी पहाडी क्षेत्रमा विस्तार भयो । वास्तवमा विद्रोहको पहिलो तीन वर्ष माओवादीले आधार क्षेत्र सुदृढ गर्न, लडाकाहरू (पूर्णकालिक कार्यकर्ता) र स्थानीय सहयोगीहरू (आंशिक समय दिने) भर्ति गर्न आफ्ना गतिविधि केन्द्रित गर्‍यो । यस प्रकारको सांगठनिक सुदृढीकरणका लागि सामाजिक रूपमा पछिपरेका समुदाय (ग्रामीण किसान, महिला, तल्लो जातका व्यक्ति र आदिवासी) लाई प्राथमिकता दियो । खासगरी रोल्पा, रुकुम, सिन्धुली र गोर्खा जिल्लामा माओवादीले गतिविधि सघन बनायो (शर्मा, २०६१, पृष्ठ ४३-४४) । यस बेलासम्म सरकारले माओवादीको विद्रोहलाई पूर्णतः वेवास्ता गर्‍यो, शान्ति-सुरक्षा




खलल पार्ने र कानुन उल्लंघन गर्ने तत्वका रूपमा मात्र हेऱ्यो- मुलुकका लागि गम्भीर चुनौती देखेन । कमजोर हातहतियार र अपर्याप्त तालिम पाएका नेपाल प्रहरीमाथि भरपऱ्यो र तत्कालीन शाही नेपाली सेनालाई अघि सारेन (हट, २०६१, पृष्ठ ६) ।

२०५६ साल सम्ममा माओवादीले सैन्य र सांगठनिक क्षमता नेपाल प्रहरीको भन्दा सबल बनाइसकेको थियो । सरकार जसले नेपाली सेनालाई माओवादीविरुद्ध उतार्न हिचकिचाइरहेको थियो, २०५८ सालमा सशस्त्र प्रहरी बल गठन गऱ्यो । सोही वर्षको मंसिर महिनामा सुरक्षा स्थिति अझ कमजोर हुनपुग्यो, राजाले मुलुकमा संकटकालको घोषणा गरे (हट, २०६१ख, पृष्ठ ११-१७) र विद्रोहीलाई दबाउन तीनवटै सुरक्षा बललाई आदेश दिए । राजाको यस निर्णयले हिंसाको सघनता एकदमै बढ्यो र सुरक्षा अवस्था अझ खस्क्यो (ह्युमन राइट्स वाच, २०६२) । माओवादी पक्षले पनि सशस्त्र युद्धलाई अन्तिम स्वरूप दिने मनस्थितिका साथ जनमुक्ति सेनालाई सक्रिय गरायो । यी दुई द्वन्द्वरत पक्षहरूबीच सैन्य-अपराजयको अवस्था देखियो, अन्त्वतोगत्वा माओवादी पक्षले राजनीतिक विजय भने हासिल गऱ्यो (बक्स हेर्नुहोस्) ।

## नेपाली सशस्त्र समूहको चरित्र

नेपालमा विभिन्न खालका समूह छन् । स्थानीय गुण्डा, सामाजिक वा जातिगत आन्दोलन चलाउने समूह, साना आपराधिक समूह, राज्यले नै परिचालन गरेका हतियारधारी समूह[२३] र राजनीतिक रूपले प्रभावित युवा भ्रातृ संस्था (टेबल १ हेर्नुहोस्) सबैको प्रभाव यहाँ छ । नेपालमा २०६३ सालपछि पनि त्रासपूर्ण वातावरण कायम रहनुमा एक दशक लामो सशस्त्र द्वन्द्वको प्रभाव र त्यसको परिकल्पित र वास्तविक असुरक्षा कारक बनेको छ । खासगरी मधेश आन्दोलनले २०६३ सालको माघको तीन साता मुलुकलाई नै अवरुद्ध बनायो । यस विरोध आन्दोलनपछि केन्द्रीय र स्थानीय सुरक्षा संयन्त्र सशस्त्र समूहले पुऱ्याउन सक्ने खतराबाट सतर्क भए । विरोधले केन्द्र तथा तराई क्षेत्रबीच तनाब रहेको देखियो । यसबाट जनतान्त्रिक तराई मुक्तिमोर्चाको र स्थानीय जनताको गतिविधिमा समानता देखियो जसले गर्दा अस्थिरता बढ्यो । त्यसै बेलादेखि राष्ट्रिय तथा क्षेत्रीय निकायमा प्रशासनिक गतिविधि चलाउन र विकास कार्यक्रम सञ्चालन गर्न सशस्त्र समूह पनि एउटा प्रमुख चुनौती सावित भए । सशस्त्र समूहले २०६४ चैत्रमा सम्पन्न संविधानसभाको निर्वाचन पनि बिथोल्ने योजना बनाएको आरोप लगाइयो यद्यपि त्यसरी बिथोलिएको देखिएन । सनसनीपूर्ण समाचारले हतियारधारी समूहबारे चासो बढाइरहेको छ ।

तराईमा रहेका सशस्त्र समूहको त्रासको अवस्थालाई सरकारले अन्य क्षेत्रका यस खाले समूहसँग तुलना गरेर खासै फरक देखाउन सकेको छैन । सशस्त्र समूहको मूल्यांकनका लागि अपरिवर्तनीय मापन विधिलाई आधार मान्नुभन्दा नेपालका हतियारधारी समूहलाई उनीहरूले राज्यप्रति गर्ने व्यवहार वा राख्ने दृष्टिकोणका आधारमा हेर्नु उपयुक्त हुन्छ, जस्तो सरकारपक्षीय वा सरकारविरोधी समूहका रूपमा उनीहरूलाई हेर्न सकिन्छ । सरकार विरुद्ध विद्रोह गर्ने र सरकारलाई फाल्न (जस्तो माओवादी विद्रोही) खोज्ने एक खेमामा छन् भने राज्यको पक्षमा रहेका सँगठित हतियारधारी समूह (सेना तथा प्रहरी बल) अर्को खेमामा पर्दछन् (स्मल आर्मस सर्वे, २०६७, पृष्ठ २५७) । यी दुई पक्षमा नसमेटिएको सशस्त्र समूहलाई 'मध्य पक्ष' का रूपमा लिनसकिन्छ जसलाई विश्लेषण गर्न छुटाउने गरिन्छ । उनीहरूको चिनारी सरकारप्रति तटस्थ वा निरपेक्ष बलका रुपमा गर्न सकिन्छ ।

यस मध्य पक्षमा यस्ता समूहहरू सक्रिय हुन्छन् जसले राज्यलाई चुनौती दिन भने खोज्दैनन्, न त खुला रूपमा समर्थन नै गर्दछन् (चित्र १ हेर्नुहोस्) । उनीहरू राज्यको सिमानाभित्रै रहेर आफ्नो मार्ग अवलम्बन गर्दछन् र औपचारिक सुरक्षा बलको जानकारीमा रहेका हुन्छन् (स्मल आर्मस सर्वे), २०६७, पृष्ठ २५७) । यस अध्ययनका लागि गरिएको स्थलगत अध्ययनले द्वन्द्वोत्तरकालमा सक्रिय सशस्त्र समूहले 'मध्य पक्ष' ओगटेको पाइयो । उनीहरूको राजनीतिक तथा आर्थिक क्रियाकलापको संयोजनका माध्यमले मुलुकको ऐन-कानुन बेवास्ता गर्ने र स्थानीय राजनीतिक नेताहरूसँग भित्रभित्रै सम्बन्ध राखेर काम गर्ने, सशस्त्र समूहको गतिविधिप्रति राज्यले चाल्ने कदम र लिने नीतिमा प्रभाव पार्दछ ।

यदि हामीले सशस्त्र समूहलाई राजनीतिक-आर्थिक वर्गीकरणबाट भिन्न राख्यौं र उनीहरूको

**बक्स २: नेपालका माओवादी: अब सशस्त्र रहेनन् ?**

एकीकृत नेपाल कम्युनिष्ट पार्टी माओवादी[१८] र २०५३ सालदेखि २०६३ सालसम्म प्रभावमा रेहेको यसको सैनिक विभाग जनमुक्ति सेना (वाईसिएल)[१९] को लक्ष्य राजतन्त्र विस्थापित गरेर जनगणतन्त्र नेपालको स्थापना गर्नु हो । द्वन्द्वकालमा पार्टीले काठमाडौं बाहिरको मुलुकको सबैजसो भूभागमा आफ्नो प्रभाव राख्यो । द्वन्द्वकालमा करिब १३ हजार नेपाली मारिएको र १ हजार ३ सय बेपत्ता भएको बताइन्छ (मानवअधिकार उच्चायुक्तको कार्यालय, २०६९, पृष्ठ १४) । पछि २०६२ को चैत महिनामा भएको शान्तिपूर्ण जनआन्दोलन दुई[२०] मा तत्कालीन नेकपा माओवादीले सात संसदवादी गठबन्धनका साथ मिलेर सहकार्य मात्र गरेन, मंसिर ५ मा विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर पनि गर्‍यो । यस सम्झौताले माओवादीलाई राजनीतिको मूलधारमा त ल्यायो नै साथमा सशस्त्र द्वन्द्वपछिको २०६४ सालमा सम्पन्न पहिलो निर्वाचनमा सफलता हासिल गर्ने बाटो पनि प्रशस्त गर्‍यो ।[२१] यस सम्बन्धमा उल्लेख्य पक्ष के छ भने शान्ति स्थापना गर्न सहमत भएको माओवादीले आफ्नो लक्ष्य पूरा गर्न अब हतियार समाउनु नपर्ने कुराको औपचारिक घोषणा कहिल्यै गरेन । यसका नेताहरूले पछि पनि बारम्बार विद्रोह गर्ने धम्की दिइरहे, संयुक्त सरकारको नेतृत्व गर्दा पनि उनीहरूको यो बोली बदलिएन । कतिको विश्लेषणअनुसार सैन्य स्वरुपबाट राजनीतिक पार्टीमा रुपान्तरण भएपछि उनीहरुको अडानमा पनि परिवर्तन आउँछ । शान्ति सम्झौतापछि र अघि नेकपा माओवादीमा व्यापक आन्तरिक असमझदारी र कलह देखियो । पार्टीभित्रको यो कलह योङ्ग कम्युनिष्ट लीग, पूर्व लडाकू र पेशागत सँगठनहरूमा पनि देखियो । २०६१ सालमा जनतान्त्रिक तराई मुक्तिमोर्चा फुटेर जानु यसकै उदाहरण हो । २०६९ को जेठ महिनामा कट्टरपन्थी भनेर चिनिएका मोहन वैद्य (किरण) को समूह पार्टीका अध्यक्ष र उपाध्यक्ष प्रचण्ड र बाबुराम भट्टराईबाट छुट्टिए । २०६३ को विस्तृत् शान्ति सम्झौतापछि माओवादी जनमुक्ति सेनाका लडाकूहरू मुलुकका विभिन्न क्षेत्रमा रहेका सात मुख्य र २१ सहायक शिविरहरूमा राखिए । २०६४ सालमा नेपालमा राष्ट्रसंघीय मिसनले १९ हजार ६ सय लडाकूको प्रमाणीकरण गर्‍यो । अन्य ४ हजार नाबालक वा भर्ना हुँदा १८ वर्ष नपुगेका र पछि भर्ना भएका व्यक्तिलाई निशस्त्रीकरण, सैन्य अपरिचालन तथा पुनर्एकीकरण कार्यक्रमका लागि अयोग्य ठहर गर्‍यो । करिब ७ हजार पूर्व लडाकूलाई रकम तोकिदिएर नगद व्यवस्थापन गरिएको छ । नेपाली सेनामा केवल ६ हजार ५ सय पूर्वलडाकूलाई समायोजन गर्ने कुरामा राजनीतिक दलहरूले सहमति गरे तापनि १ हजार ३ सय ८८ गैरअधिकृत र ७१ अधिकृत पदमा छानिए ।[२२] नेकपा माओवादीसँग उसको भ्रातृ संगठन योङ्ग कम्युनिष्ट लिग (वाईसीएल) रहेको थियो । २०६४ सालमा भएको संविधानसभाको निर्वाचनमा वाइसीएल थुप्रै आपराधिक गतिविधि- लुटपाट, धम्की तथा दबाब दिने काम गर्‍यो (कार्टर सेन्टर, २०६८) । आवश्यकता परेको बेला वाईसीएलले हड्ताल र विरोध कार्यक्रममा समर्थक जुटायो । वास्तवमा २०६७ सालको जेठमा भएको एक साता लामो हड्तालमा वाईसीएलले करिव २ लाखको संख्यामा समर्थकहरु परिचालित गर्‍यो (कार्टर सेन्टर, २०६८, पृष्ठ २०) । वाईसीएलले आफ्ना सदस्यहरुलाई समूहमा बस्ने व्यवस्था गर्‍यो । यस अभ्यासले पार्टीको सिद्धान्त प्रतिविम्बित गर्‍यो र 'आर्थिक' बचत पनि भयो । जब २०६७ मा यसको विघटन भएको घोषणा गरियो, नेकपा माओवादीले वाइसीएललाई अर्ध-सैनिक संरचनाअनुसार परिचालन गरिएको सार्वजनिक स्वीकृति जनायो ।

बहुपक्षीय पहिचानलाई स्वीकार गर्‍यौं भने उनीहरूबाट हुने समस्याको प्रभावकारी तरिकाले सम्बोधन गर्नसकिन्छ । यस प्रकारको विश्लेषण यस समस्यासँग जुध्ने पहिलो महत्वपूर्ण चरण हुन्छ । यस प्रतिवेदनका लागि गरिएको स्थलगत अध्ययनले देहाय बमोजिम समस्याको प्रकृति पहिचान गरेको छ :

### समूह उत्पत्ति

विस्तृत् शान्ति सम्झौता भएपछि च्याउसरी उम्रिएका यस्ता समूह एक्कासी प्रकट भएका होइनन्, संरचनागत संस्कृति र पछिल्लो विकास क्रमका उपज हुन् । नेपालमा कायम रहेको सांस्कृतिक भिन्नता विवादास्पद छ । तर विश्लेषकहरूको दृष्टिमा क्षेत्रीय भिन्नता भित्रको जनसांख्यीकी विविधता महत्वपूर्ण छ । नेपालका सशस्त्र समूहलाई जति बेला चाह्यो त्यति नै बेला भारतीय सिमाना पार गर्न सजिलो छ, सीमा क्षेत्रका व्यक्तिहरू सांस्कृतिक तथा भाषागत व्यवहारका कारण पनि समान छन्, एकै गाउँ दुई मुलुकतिर परेको अवस्था पनि छ । सशस्त्र समूह (खासगरी आपराधिक समूह) ले नेपाल-भारतबीच कायम रहेको खुला सिमानालाई दुरूपयोग गरेका छन्, प्रहरीबाट भाग्नुपर्‍यो भने उनीहरू तत्काल सिमाना पार गर्छन् । ऐतिहासिक अनुभवले पनि भूमिका खेल्छ । उदाहरणका लागि पूर्वी पहाडका अधिकांश सशस्त्र समूह २०४७ मा प्रजातन्त्रको पुनरागमन र जनजाति चेतना विस्तारपछि देखापरेका हुन् ।[२४] तराईका समूहको जन्मको पृष्ठभूमि भने फरक छ- माओवादी विद्रोह, राज्यले विद्रोहविरुद्ध लिएको नीति र विस्तृत् शान्ति सम्झौतापछि सिर्जना भएको राजनीतिक शून्यतामा उनीहरूको उत्पत्ति सम्भव भएको हो ।

### राज्य-समूह सम्बन्ध


अहिले नेपालमा रहेका कुनै पनि सशस्त्र समूहले राज्यको अस्तित्वलाई ठाडो चुनौती दिन सक्तैनन् । जब केही सशस्त्र समूहले सरकारी कार्यालयका कर्मचारी, प्रहरी चौकी तथा व्यक्तिमाथि आक्रमण गरे, तीमध्ये धेरैले कि त कुनै राजनीतिक नेतासँग साँठगाँठ राख्थे कि त आफ्ना गैरकानुनी क्रियाकलाप अगाडि बढाउन सुरक्षाकर्मीहरूसँगको आँखा छलेर काम गर्थे । माओवादी जस्तै तराईका सशस्त्र समूह पनि नेपाली राज्यका लागि चुनौती बनेर आए । तर तराईका कुनै पनि समूहले माओवादीले जस्तो व्यापक सँगठन विस्तार गरेर राज्यका लागि चुनौती बन्न भने सकेनन् ।[२५] त्यसो त तराईका सशस्त्र समूहको सरकार ढाल्ने उद्देश्य देखिँदैन । विश्लेषक र यस प्रतिवेदनका लागि अन्तर्वार्ता गरिएका व्यक्तिले जनाएअनुसार सशस्त्र समूहको लक्ष्य राज्यको संरचनाभित्रै रहेर आफ्नो लक्ष्य (आर्थिक लाभ) प्राप्त गर्न चाहन्छन् । जब उनीहरूमा मूलधारको राजनीति र समाजमा जाने चाहना हुन्छ तब उनीहरू राज्यसँग सहमतिमा आउने चाहना देखाउँछन् ।

न त अरु क्षेत्रहरूमा रहेका सशस्त्र समूह चुनौती बन्नसक्छन् । उदाहरणका लागि मध्य-पश्चिम र पश्चिम क्षेत्रमा नेकपा-माओवादीको निरन्तर उपस्थिति (स्थानीय समर्थन पनि) रहेकोले त्यहाँ सशस्त्र समूह न्यून उपस्थिति छ । त्यस क्षेत्रमा नयाँ सशस्त्र समूह उदाउने ठाउँ छैन भन्ने अनुमान लगाउन सकिन्छ । काठमाडौं र अन्य शहरी क्षेत्रमा आपराधिक गतिविधिमा वृद्धि हुनु र गुण्डागर्दीको उपस्थिति हुनुको पछाडि समूहका कुनै सदस्यको शक्तिकेन्द्र वा राजनीतिक नेतासँग गोप्य साँठगाँठ भएको देखिन्छ ।[२६] अन्ततः पूर्वी पहाडी क्षेत्रका समूहले जनाएअनुसार उनीहरू विद्रोहभन्दा पनि स्थानीय स्वायत्तता र जातिगत तथा आदिवासी पहिचानका लागि बढी केन्द्रित छन् । तर उनीहरूले के प्रष्ट पारेका छन् भने राज्यले उनीहरूका माग नसुन्ने हो भने सरकारविरुद्ध ' शान्तिपूर्ण सशस्त्र विद्रोह' गर्नु उनीहरूको एक मात्र विकल्प रहनेछ ।[२७]

### समुदाय-समूह सम्बन्ध

माओवादीले जनताको 'मन-मस्तिष्क' जितेर (विशेष गरी सशस्त्र द्वन्द्व घोषणा भएको प्रारम्भिक कालमा) आफ्नो लक्ष्य पूरा गर्ने रणनीति बनाएको थियो, तर आजका ऊजस्ता समूहहरूलाई स्थानीय जनताको समर्थन छैन वा अत्यन्त थोरै छ । तर २०६४ सालमा भने एउटा अपवाद देखियो- जब मधेशी आन्दोलन पूर्ण रूपले उचाइमा थियो, तराईका केही समूहले यस प्रकारको जनसमर्थन पाए । स्थानीय जनताले यी समूह नागरिककै अधिकारका लागि र पहाडी जनताको थिचोमिचोका विरुद्ध लडिरहेका छन् भन्ने बुझेर सहयोग गरे । तर मधेशबाट जब पहाडी जनता विस्थापित भए तब यी समूहहरूले मधेशी समुदायलाई नै शिकार बनाए । पूर्वी पहाडमा स्थानीय जनताले राजनीतिक विचारधारा बोकेर सँगठित भएका समूहलाई समर्थन गर्छन् तर हिंसात्मक तरिकाले लक्ष्य प्राप्त गर्ने समूहलाई समर्थन गर्दैनन् भन्ने तर्क गरिन्छ । सशस्त्र समूहको गतिविधि यस क्षेत्रमा घट्नुमा प्रहरीको प्रभावकारिता मात्र कारक होइन । स्थानीय जनताले कानुनका रक्षकहरूसँग मिलेर सहकार्य गरेका कारण

तालिका १ **सशस्त्र समूहको विस्तार**




स्रोत: स्मल आर्मस सर्वे (२०६७, पृष्ठ २५८)

हिंसात्मक समूह कमजोर भएका हुन् । काठमाडौं उपत्यकामा गुण्डाहरूबाट स्थानीय जनता उत्तिकै प्रभावित छन्, व्यापारिक तथा पर्यटन क्षेत्रमा उनीहरूको त्रास र आतंक व्याप्त छ ।

## समूह र वैध अर्थतन्त्र

अहिले नेपालमा सक्रिय सशस्त्र समूहहरू वैध र अवैध दुवै गतिविधिहरूमा संलग्न रहेका छन् । झण्डै सम्पूर्ण समूहहरू 'स्वेच्छिक चन्दा' संकलनमा संलग्न रहेका देखिन्छन् । माओवादी जनयुद्धको बेला पनि यस प्रकारको 'स्वेच्छिक चन्दा' उठाइन्थ्यो । व्यक्ति विशेष प्रायस: धनी वर्गलाई टेलिफोनमार्फत् कुनै समूह वा सम्बन्धित राजनीतिक समूहलाई चन्दा दिन अनुरोध गरिन्थ्यो । यो कार्य आफैंमा अवैध हुँदैन जबसम्म व्यक्ति विशेषले चन्दा दिन अस्वीकार गर्नसक्छ । तर जेहोस्, स्थानीय उद्योगी व्यापारीहरूलाई गरिएको अन्तर्वार्ताबाट केही वर्षयता यसरी अर्थ संकलन गर्ने घटना र त्यसको सफलतामा कमी आएको बुझिएको छ । तर यस विषयमा अध्ययन र अनुसन्धानरत व्यक्तिहरूले तराईका अधिकांश समूहहरू आर्थिक लाभको उद्देश्यले यस्तो कार्यमा संलग्न हुने र निहित लाभका लागि डर, धम्की र अपहरणजस्ता कार्य गर्नेगरेको औल्याएका छन् । शहरी क्षेत्रका गुण्डाहरू भने लागु औषध तथा मानव ओसार-पसार तथा हात-हतियार एवं प्राकृतिक साधनको तस्करीजस्ता अवैध क्रियाकलापमा लाग्ने गरेका देखिन्छन् । तीमध्ये केही गुण्डाहरूले राजनीतिक नेताहरूसँग साँठगाँठ गरी तिनीहरूको राजनीतिक गतिविधिका लागि आवश्यक रकम र चुनावताका जनमत जुटाइदिने गरेका छन् । त्यसको बदलामा तिनीहरूले विशेषगरी प्रचलित कानुनबाट जोगिन राजनीतिक संरक्षण पाउँछन् । काठमाडौं उपत्यकामा स्थानीय गुण्डाहरूको बार, रेस्टुरेन्ट, होटल र क्यासिनोलगायत अन्य व्यवसाय सञ्चालित छन् ।

## हिंसाको प्रयोग

नेपालका सशस्त्र समूहले विरलै मात्रामा एकले अर्कालाई आक्रमण गर्ने गरेका छन् । अधिकांश हिंसा स्थानीय जनतामाथि केन्द्रित हुनेगरेको छ । विस्तृत शान्ति सम्झौतापछि विभिन्न सशस्त्र समूहहरूले स्थानीय जनताको[३४] सहयोगमा पहाडी मूलका व्यक्तिहरूमाथि आक्रमण गर्न थालेपछि यो तथ्य तराई क्षेत्रमा विशेष रूपमा प्रमाणित भएको थियो । केही सशस्त्र समूहको गतिविधि र आम असुरक्षाको कारण हजारौं व्यक्तिले तराई छाडे वा सो क्षेत्रबाट विस्थापित हुन बाध्य भए । त्यसपछि सशस्त्र समूहहरूको ध्यान पूर्णत: स्थानीय जनतामाथि केन्द्रित भएको छ । तराई क्षेत्रमा हत्याको घटनाको स्तर कमै रहेपनि जनतालाई नियन्त्रणमा लिन ती समूहहरूले अन्य किसिमका हस्तक्षेप गर्ने गरेका छन् । तिनीहरूले अपहरण, विस्फोटन, जबर्जस्ती चन्दा संकलन र लुटपाट गर्ने गरेका छन् । सशस्त्र समूहहरूसँग अत्याधुनिक हातहतियार छैनन् । तिनीहरूले सरकारलाई सुपुर्दगी गरेका हातहतियारहरूबाट पनि यो तथ्य स्पष्ट हुन्छ । तराईमा घरेलु बम बढी प्रयोगमा आएको हतियार हो । डर र असुरक्षा फैलाउनका लागि घरेलु बम सार्वजनिक स्थलहरूमा विस्फोटन गराइने गरिएको छ ।

सशस्त्र समूहहरूले पूर्वी पहाडी क्षेत्रलगायत राष्ट्रका अन्य भागमा पनि यही शैली अपनाउने गरेका छन् । तर तराई क्षेत्रको अनुपातमा यसको प्रयोग न्यून परिमाणमा भएको देखिन्छ । २०६३ मा हिंसात्मक द्वन्द्व समाप्त भएपछि प्रहरीले सबैतिर आफ्नो उपस्थिति बढाएकोले नेपालभरी सशस्त्र समूहहरूले भौतिक हिंसाभन्दा[३५] मनोवैज्ञानिक दवावप्रति आफ्नो झुकाव बढाएको देखिन्छ । तर विस्तृत शान्ति सम्झौतासम्म पुग्दाको अवधिमा देखिएका भिजिलान्ते समूहहरू अपवादको रूपमा लिइनुपर्छ । ती समूहहरू तराईमा माओवादीको खतरालाई चुनौती दिन स्थानीय सुरक्षा फौज र भारतीय गुप्तचर सेवाको समेत सहयोगमा खडा गरिएको भन्ने आरोप लागेको थियो । तर केही वर्षयता यस्ता समूहको गतिविधि देखिन छाडेको छ ।

## समूह सघनता

सशस्त्र समूहले भौगोलिक क्षेत्रीय नियन्त्रण र पहुँच सम्बन्धमा भिन्न पहिचान देखाउँछ । पूर्वी पहाडी क्षेत्रका समूहले स्थानीय स्तरमा काम गरेको देखिन्छ भने तराईतिरका समूहहरूले भारतसँगको सीमाका दुवैतिर आफ्नो गतिविधि चलाउने गरेको पाइन्छ । तिनीहरूका नेता भारतीय भूमिमा बस्ने गरेको बताइन्छ । तर भारतीय राज्य विहारमा आपराधिक गतिविधिमाथि कडा निगरानी हुनथालेपछि तराईका सशस्त्र समूहहरूले आफ्नो पहुँच परिवर्तन गरेका छन् । फलत: ती समूहका अधिकांश व्यक्ति स्थायी रूपमा तराईमा अन्य भारतीय शहरमा र काठमाडौं उपत्यकामा समेत भित्रिन थालेका छन् । राजधानीमा आफ्नो गतिविधि सञ्चालन गर्ने गुण्डाहरूले पनि भौगोलिक रूपमा ध्यान केन्द्रित गरेको देखिन्छ । यद्यपि यसको मतलब यो होइन कि यी भूभागमाथि उनीहरूको नियन्त्रण छ ।

अन्तर्वार्ताको क्रममा प्रहरी अधिकारीहरूले आफूहरू मुलुकको कुनै पनि ठाउँमा कुनै पनि बेला प्रवेश गर्नसक्ने बताए, यद्यपि विश्वका कतिपय मुलुकमा प्रहरीले त्यसो गर्न सक्तैनन् ।

यद्यपि विगतमा समूहरूबीच आपसी द्वन्द्व र प्रतिस्पर्धा देखिएको थियो तर वर्तमान अवस्थामा उनीहरू कुनै निश्चित आपराधिक गतिविधिमा केन्द्रित भएका छन् । कोही मानव ओसार-प्रसार त कोही हातहतियार वा लागू औषधको कारोबारमा संलग्न छन् । केही सशस्त्र समूहले नेपालका अन्य शहरी केन्द्रहरू र विदेशमा समेत आफ्नो सञ्जाल स्थापित गरेको देखिन्छ । तर तिनीहरूको पहुँच र दक्षता अझै अस्पष्ट छ ।

## नेपालका सशस्त्र समूहको विखण्डीकरण

नेपालका सशस्त्र समूहबारे जानकारी लिन उनीहरूको 'मध्य-क्षेत्र' मा प्रवेश गर्नु आवश्यक हुन्छ । यसबाट उनीहरूको क्रियाकलाप छुट्याएर राम्ररी बुझ्न सकिन्छ । काठमाडौंका क्षेत्रहरू र तराई तथा पूर्वी पहाडी क्षेत्रलाई सँगठित हिंसा र अपराधको नियमित उर्वर भूमिको रूपमा लिन सकिन्छ । त्यसका स्पष्ट कारणहरू छन्: काठमाडौं र तराईमा उच्च परिमाणका आर्थिक गतिविधिहरू हुन्छन् । तराई र पूर्वी पहाडका केही भाग सामाजिक र आर्थिक बहिस्करणमा छन्, दुवै क्षेत्रमा राज्यको उपस्थिति सबल छैन, न त सरकारको प्राथमिकतामा नै परेका छन् । अन्तर्वार्ता लिइएका व्यक्तिहरू नियमित

रूपमा तराई र पूर्वी-पहाडी क्षेत्रका केही भागमा हतियार ओसार-पसार, अवैध सामग्रीको व्यापार र लुटपाटजस्ता आपराधिक गतिविधिको विगविगी[३६] रहेको बताउँछन् । नेपाल प्रहरीलाई नेपाल-भारत सीमा क्षेत्रमा घरमै निर्मित हतियारको उद्योग सञ्चालन हुने र त्यसको कारोबार गरिने तथ्य थाहा छ । प्रहरीले थुप्रै संख्यामा त्यस्ता हतियार जफत गरिसकेको पनि छ (अधिकारी, २०६८, खरेल, २०६८) ।

नेपाल र विदेशस्थित कतिपय विश्लेषकहरू राष्ट्रको अनिश्चित राजनीतिक वातावरणका कारण पनि सशस्त्र समूहहरू सिर्जना हुन बल पुगिरहेकोमा सहमत छन् । २०६९ को जेठ १४ भित्रमा नयाँ संविधान घोषणा गर्न सरकार असफल हुनु र निरन्तर अन्तरपार्टी असहमति देखिनुका कारण दण्डहीनताको वातावरण सिर्जना भएको छ । साथै गिर्दो अर्थतन्त्र र गम्भीर बेरोजगारी समस्याको कारण सँगठित आपराधिक समूहहरूलाई नयाँ सदस्यहरू भर्ती गर्न सजिलो हुदैगएको छ । राजधानी र अन्य केही जिल्लाहरूमा राजनीतिक अभिजात वर्गहरूबीच हुने शक्ति संघर्षका कारण पनि केही समयका लागि भएपनि मानिस त्यस्ता समूहमा आवद्ध हुन पुगेका छन् (झा, २०६५, पृष्ठ ३-४) । यस्तो समूहमा जाने अधिकांश व्यक्तिहरू सही राजनीतिक प्रतिनिधित्व, भाषिक बन्देजको अन्त्य र सेवामा पहुँचजस्ता लक्ष्य प्राप्तिका लागि संघर्ष गरिरहेको ठान्दछन् तर तिनीहरूलाई अर्कै तथा अनपेक्षित कार्यका लागि प्रयोग गरिएको हुन्छ (पाठक र उप्रेती, २०६६) ।

## काठमाडौं उपत्यका

राष्ट्रको राजनीतिक र आर्थिक केन्द्र भएकाले काठमाडौं उपत्यका लामो समयदेखि हिंसा र सशस्त्र समूहका गतिविधिबाट प्रभावित रहदै आएको छ । कम्तिमा २०४६ सालयता स्थिर संस्थागत ढाँचा र हातहतियारको पहुँच भएका स्थानीय गुण्डाहरूले राजधानीमा आपराधिक गतिविधि सञ्चालन गर्दै आएका छन् । तिनीहरूले मुलुकका अन्य शहरी केन्द्रहरूमा पनि आफ्नो सम्बन्ध विस्तार गरेका छन् । त्यहाँ तिनीहरूले डर धम्की, मानव बेच-बिखन, लागू पदार्थ र रक्तचन्दनजस्ता प्राकृतिक स्रोतको तस्करीलगायतका असामाजिक क्रियाकलापलाई अघि बढाइरहेका छन् ।

त्यसैगरी तिनीहरूले रेस्टुरेन्ट, बार र निर्माण कम्पनीहरूजस्ता वैध व्यवसायमा नियमित रूपमा संलग्न रहेको देखाएका कारण उनीहरूलाई अपराधी समूहका रुपमा वर्गीकरण गर्न गाह्रो छ । यस्ता समूहहरूको सेवा पारिवारिक तथा व्यावसायिक विवादहरू सुल्झाउनका लागि भाडामा उपलब्ध हुन्छ (सँग्रौला, २०६७) । यदाकदा तिनीहरू पैसा लिएर व्यक्तिको हत्या गर्ने काम पनि गर्दछन् । व्यापारिक व्यक्तित्वहरू, घरजग्गा कारोबारी र ठूला शैक्षिक संस्थाहरूलाई डर, धम्की देखाएर पैसा वा सामान लिने कार्यमा उनीहरूको संलग्नता देखिन्छ ।[३७] प्रहरी अधिकारीहरू यस्ता थुप्रै समूहहरूलाई राजनीतिक संरक्षण प्राप्त भएको दावी गर्दछन् भने प्रहरी आफैं पनि यस्ता भूमिगत समूहसँग मिलेकोमा आलोचित हुने गरेको छ (सेफरवर्ल्ड, २०६९, पृष्ठ ८) । अन्तर्वार्ताको क्रममा केही प्रहरी अधिकारीहरूले नेपालको सर्वाधिक खोजीको सूचीमा परेका ४ सय देखि ५ सय अपराधीलाई पक्राउ गर्नुपर्ने बताएका छन् । तर तिनीहरू सो कार्य कहिले र कहाँ हुनसक्छ भन्ने संकेत दिंदैनन् वरु तिनीहरू यस्तो अभियानको केही राजनीतिक नेताहरूद्वारा नै विरोध हुनसक्ने स्वीकार्छन् ।[३८]

काठमाडौंमा सशस्त्र समूह र राजनीतिज्ञहरूबीचको सम्बन्ध अत्यन्तै आलोचित छ । कतिको विश्लेषणमा यी दुई बीचको सम्बन्ध निर्दलीय पञ्चायत शासनकालमै हुर्किएको दावी गर्छन् । २०४७ र २०६७ को संसदीय प्रजातन्त्रको शुरुवातसँगै यसले नेपालको सामाजिक परिवेशमा अझै नराम्रो जरा गाडेको बताइन्छ ।[३९] विभिन्न समयमा सबैजसो राजनीतिक पार्टीको विवादास्पद व्यक्तिहरू र व्यापारीहरूसँग सम्बन्ध रहेको देखिएको छ । जेहोस्, यो स्थिति झनझनै खराव हुदै गइरहेको छ । २०६८ सालमा तत्कालीन गृहमन्त्रीले संसदीय राज्य समितिलाई राजनीतिज्ञ र अपराधीहरूबीचको सम्बन्धले न्याय र कानुनलाई खतरा पुगेको समीक्षा गरेका थिए (द काठमाडौं पोष्ट, २०६८) । वास्तवमा केही मन्त्री र स्थानीय डनहरूबीच निकट सम्बन्ध रहेको प्रमाणित हुने गरेबाट पनि नेपालका शहरहरूमा अपराध र राजनीतिबीच सम्बन्ध रहेको देखिन्छ । गुण्डाहरू र तिनका सदस्यहरूले केही राजनीतिज्ञ र पार्टीहरूलाई आर्थिक सहयोग गर्ने, मत संकलन गरिदिने र चुनावी परिणाममा समेत महत्वपूर्ण भूमिका निभाउने गर्दछन् ।[४०] बदलामा तिनीहरूले राजनीतिक संरक्षण पाउँछन् र स्थानीय सुरक्षा निकायको कानुनबाट विनाहस्तक्षेप आफ्ना अवैध कारोबार जारी राख्न सक्छन् ।

काठमाडौंमा सक्रिय रहेका थुप्रै सशस्त्र समूह वाह्य दवाव, स्थानीय राजनीतिक र आर्थिक अवस्था अनुसार चल्ने गर्छन् । नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र विभिन्न पत्रकार तथा सुरक्षा विश्लेषकहरूसँग गरिएको अन्तरक्रियाबाट तयार पारिएको तालिका १ अनुसार काठमाडौंमा करिव २० थान गुण्डा-समूह सञ्चालित छन् । आधिभन्दा बढी (करिब १३) वटा ठूला समूहमध्ये प्रत्येकको करिब ३ सय सदस्य रहेका छन् । राजनीतिक र समृद्ध व्यक्तिहरूसँगको सम्बन्धको कारण प्रायः गुण्डाहरू सम्पन्न छन् । तिनीहरूका सदस्य सामाजिक रूपमा उपेक्षित समुदाय र जिल्लाहरूका पिछडिएका युवावर्ग रहेका छन् (सेफरवर्ल्ड, २०६९, पृष्ठ ७) ।

## तराई

झण्डै ३ करोड जनसंख्या रहेको नेपालका ७५ जिल्लामध्ये २० जिल्ला तराईमा छन् जहाँ सबैभन्दा बढी आवादी छ (नेपाल सरकार, २०६८) । भारतको खुल्ला सीमासँग जोडिएको यो क्षेत्र राष्ट्रकै प्रमुख कृषि र औद्योगिक क्षेत्र पनि हो । काठमाडौंका अपराध समूहको चरित्रविपरीत तराईमा राजनीतिबाट 'अभिप्रेरित' सरकारविरुद्ध संघर्षरत विद्रोही समूह सक्रिय छन् । सानातिना तस्कर तथा अपराधीहरूको समूह यत्रतत्र भेटिन्छन् । मधेसी राष्ट्रिय मुक्तिमोर्चा र त्यसबाट छुट्टिएका समूहहरू यस क्षेत्रमा सशस्त्र गतिविधि बढ्नुका प्रेरक शक्तिहरू हुन् (झा, २०६५, पृष्ठ ३) । माओवादीबाट छुट्टिएको मधेसी राष्ट्रिय मुक्तिमोर्चा तराई बाहिर पनि सक्रिय थियो । २०६१ मा माओवादी नेतृत्वले मधेसी राष्ट्रिय मुक्तिमोर्चाको नेतृत्वमा जय कृष्ण गोइतको स्थानमा नयाँ व्यक्तिलाई नियुक्त गरेको थियो । त्यसपछि गोइतले आफ्नै नेतृत्वमा जनतान्त्रिक तराई मुक्तिमोर्चा नामक आफ्नै समूह खडा गरे । जनतान्त्रिक तराई मुक्तिमोचाको नेतृत्वबाट असन्तुष्ट सदस्यहरूलाई नेतृत्व गर्दै नागेन्द्रकुमार पासवान (ज्वाला सिंह) ले त्यसपछि जनतान्त्रिक तराई मुक्तिमोचा-ज्वालाको नाममा अर्को नयाँ समूह गठन गरे ।[४१]

यस्तो विखण्डीकरण तराईका सशस्त्र समूहको विशेषता नै रह्यो । विगत एक दशकमा आफ्नो नेताको वा आफू सञ्चालित क्षेत्रको नाममा सशस्त्र समूहहरू टुक्रिने र बारम्वार नयाँ समूह बन्ने क्रम जारी छ (मानन्धर, २०६६) ।[४२] अधिकांश समूहहरू व्यक्तिवादी भए तापनि एकीकृत हुने प्रयासका विभिन्न खबर (टेलिग्राफ नेपाल, १५ चैत २०६८)[४३] पनि सार्वजनिक हुने गर्छन् । अधिकांश समूहले लागूऔषध, हातहतियार वा प्राकृतिक स्रोतहरूबाट फाइदा उठाउन र जनतामाथि त्रास थोपर्न आफ्नो नाम प्रयोग गर्दै आएका छन् । भारतसँगको खुल्ला सीमा, प्रभावहीन र कम साधनयुक्त कानुन परिचालन (प्रहरी र अपराधबीचको निकट सम्बन्धलगायत) र काठमाडौंस्थित सरकारसँगको बढ्दो जनगुनासोका कारण यस्ता समूहको वृद्धि र तिनीहरूको गतिविधिमा सहयोग पुगेको देखिन्छ । विशेषतः तराईका थुप्रै युवाहरूले आफूहरू विकट क्षेत्रको बासिन्दा रहेको र सरकारी वेवास्तामा परेको गुनासो गर्ने गरेका छन् (इन्टरनेसनल अलर्ट, २०६५) ।

तराईका सशस्त्र समूहले आफ्नो गतिविधि निश्चित भौगोलिक क्षेत्रमा गरेको देखिन्छ । तिनीहरूका गतिविधिहरू मध्य-पूर्वी तराईका आठवटा जिल्ला- पर्सा, वारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा र सप्तरी तथा पश्चिमी तराईका दुई जिल्ला- बाँके र बर्दियामा केन्द्रित छन् ।[४४] विशेषतः समूहको प्रभाव त्यसका नेता तथा सञ्चालकको जन्मस्थलसँग सापेक्ष देखिन्छ । ती नेताहरू अन्यत्र जता बसेपनि प्रभावका दृष्टिले जन्म-जिल्ला नै केन्द्रमा परेको पाइन्छ । साथै, तराईका सशस्त्र समूहरूका सदस्यहरूको जनसांख्यीकीमा समानता देखिन्छ । १५ देखि ३० बर्ष उमेरका सदस्यहरू, तल्लो

| समूहको प्रकार र उदाहरण | प्रभाव | सञ्चालन मिति | संरचना र अन्य विशेषता | राजनीतिक आवद्धता र गतिविधि |
|---|---|---|---|---|
| काजी शेर्पा, रमेश बाहुन, राजु गोर्खाली, मिलन सेक्सी [२८] | अधिकांश काठमाडौं र अन्य शहरी क्षेत्रमा सक्रिय | २०६३ यता निकै चर्चामा आएको । तर तीमध्ये केही २०४७ सालदेखि देखा परेका हुन् ।[२९] | यस्ता अधिकांश समूहरू गुण्डाका नाइकेबाट अनौपचारिक तरिकाले सँगठित भएका हुन्छन् । तिनीहरूको आकार सयौं सदस्यीय ठूलो समूहदेखि केही अपराधीहरू सम्मिलित सानो समूहसम्मको छ । | तिनीहरू प्रत्यक्ष रूपमा राजनीतिमा सक्रिय नदेखिए पनि तिनीहरूको राजनीतिज्ञ र सुरक्षाकर्मीहरूसँग गोप्य सम्वन्ध रहेको हुन्छ । यस्ता समूहहरूलाई राजनीतिक पार्टीले कहिले काहीं निजी सुरक्षाकर्मी बनाउँछन् । खासगरी चुनावको समयमा यिनीहरू प्रयोग हुन्छन् । यस्ता समूहहरू प्रायसः साना हातहातियार, लागु पदार्थ तथा मानव तस्करी , डरधम्की एवं अपहरणजस्ता अवैध क्रियाकलापमा संलग्न रहन्छन् । |
| राजनीतिमा आवद्ध समूहहरू<br><br>गणेश लामा, दीपक मनाङ्गे, दिनेश अधिकारी, चरी कुमार घैंटे, परशुराम बस्नेत । | अधिकांश समूह काठमाडौं र तराईमा सक्रिय | पञ्चायतकालमा देखा परेतापनि बीचमा हराएका यिनीहरू २०४७ सालको परिवर्तनपछि र २०६३ पछि प्रमुख सक्रियताका साथ देखापरे । | यिनीहरूको संरचना पनि माथि उल्लेख गरिएजस्तै छ । यिनीहरूका नाइके पनि स्थानीय स्तरका शक्तिशाली गुण्डा हुने गरेका छन् । प्रत्येक समूहमा केही दर्जनदेखि केही सय सदस्य रहने गरेका छन् । | पञ्चायती शासनकालमा जन्मिएका यस्ता समूहहरूलाई त्यतिबेला सरकारले प्रजातान्त्रिक गतिविधि दवाउन प्रयोग गरेको थियो । २०४७ मा प्रजातन्त्रको पुनर्स्थानपना भएयता यी समूहका नाइकेहरू विभिन्न राजनीतिक पार्टीमा आवद्ध हुनुका साथै कोहीले केही समय राजनीतिक पद समेत धारण गरेकका छन् । तिनीहरूको काम आफूसँग आवद्ध राजनीतिक पार्टीहरूको स्थानीय तथा कहिले काहीं राष्ट्रिय स्तरमा आर्थिक संकलन गर्नु  र मत जुटाउन सहयोग गर्नु, सुरक्षा प्रदान गर्नु र विपक्षीलाई दवाउनु हो । यिनीहरू डर, धम्की दिन र अवैध ढंगले अर्थ संकलन गर्न सक्रिय हुन्छन् । यिनीहरू वैध धन्दा जस्तै रेस्टुरेन्ट, होटल, क्यासिनो र निर्माण कम्पनी आदि सञ्चालनमा पनि संलग्न छन् । |
| राजनीतिक आवरण[३०] कट्टर पन्थी हिन्दु समूह[३१] लगायत तराई[३२] तथा पूर्वी पहाडी क्षेत्रमा[३३] सञ्चालित समूहहरू | क्षेत्रीय उपस्थिति | २०४७ सालअघि नै केही अस्तित्वमा रहे पनि त्यसपछि देखापरेका । २०६३ सालपछि यस्ता समूहहरू विशेषतः स्पष्ट रूपमा देखापरे । | विस्तृत् शान्ति सम्झौतापछि यी समूहहरू सापेक्षिकरूपमा ठूला देखिए । तिनको सदस्य संख्या केही सय पुगेको थियो । पछिल्लो तथ्याङ्कले तिनीहरूको सदस्य संख्या ५० भन्दा कम रहेको जनाउँछ ।<br><br>तिनीहरूले माओवादीको सँगठन र ढाँचालगायत दाउपेच नक्कल गर्दै एउटै व्यक्तित्वको नेतृत्वमा अर्थात् उसलाई कमाण्डर बनाई आफ्नो सँगठन बलियो बनाउने गरेका छन् । | यस्ता सबै समूहहरूले राजनीतिक एजेन्डा प्रायः जातीय मान्यता र भौगोलिक स्वायत्ततालाई अघि सार्ने गरेका छन् । जबकि केही समूहले खुला रुपमा गतिविधि चलाइरहेका छन् (सरकारसँग शान्तिवार्ता गरेका छन्) । अन्य समूह निरन्तर भूमिगत अवस्थामा रही निरन्तर हिंसात्मक गतिविधिमा संलग्न छन् (सरकारी सुरक्षा-अधिकारीहरूमाथि आक्रमण जस्तै डर, धम्की, अपहरण) । विस्तृत शान्ति-सम्झौतायता धरातलभन्दा माथिका समूहहरूले वैधानिक राजनीतिक आवरण दावी गर्दै केही स्थानीय राजनीतिक पार्टीहरूमा सम्मिलित भएका छन् । यस्ता समूहहरूले जातीय र आदिवासी मामिलामा स्थानीय र राष्ट्रिय स्तरमा आयोजित बहसहरूमा सक्रिय सहभागिता जनाउँदै आफूलाई भूमिगत समूहबाट टाढा राख्ने र तिनीहरूको गतिविधि भत्सर्ना गर्नेजस्ता काम गर्दै आएका छन् । त्यसैगरी केही समूहहरूले राजनीतिक प्रक्रियाबाट आफ्नो लक्ष्य हासिल नभएमा सशस्त्र क्रान्ति मात्र विकल्प हुने बताउँदै आएका छन् । |
| युवा सँगठनहरू यङ्ग कम्युनिष्ट लिग युथ एशोसिएसन नेपाल, तरुण दल | सम्पूर्ण क्षेत्रमा र शहरी क्षेत्रमा बढी सक्रिय विशेष गरी काठमाडौंमा | २०६३ पछि र सन् ९० र अझ ५० को दशकमा समेत अस्तित्वमा रहेको पाइन्छ । | यी समूहको सदस्य संख्या हजारौंमा छ । अधिकांश सदस्य पुरुष युवा रहे पनि उल्लेख्य संख्यामा युवतीहरू पनि रहेका छन् । | सम्पूर्ण राजनीतिक पार्टीका युवा भातृ सँगठनहरू छन् । तिनीहरूको पहिलो काम विषेषगरी शहरी क्षेत्रमा राजनीतिक पार्टीहरूलाई सहयोग गर्नु हो यद्यपि तिनीहरू नेपालको सम्पूर्ण भागमा सक्रिय छन् । तिनीहरूलाई प्रायशः राजनीतिक प्रदर्शनी, हडताल बन्द र अन्य सांस्कृतिक एवं राजनीतिक गतिविधिमा परिचालित गरिन्छ ।<br><br>युवा सँगठनहरूलाई थप दवावमूलक समूहको रूपमा पनि प्रयोग गरिने गरिएको छ । तिनीहरूलाई विपक्षी पार्टीका कार्यकर्ताहरूलाई दवाव वा समर्थन दिन, डर धम्की दिन र चन्दा असुल्न पनि प्रयोग गरिन्छ । केही समूहले सुरक्षा कार्यको माग पूर्ति गर्दै अर्ध सैनिक भूमिका पनि निभाउने गरेका छन् । |

जात, गरीबी, कमजोर सामाजिक आर्थिक स्थिति उनीहरूमा देखिएको साझा पहिचान हो ।[४५] अधिकांशले राष्ट्रिय राजनीतिक अवस्थामा कुनै सकारात्मक परिवर्तन नआएकोमा असन्तुस्टि जनाउँदै आफूहरू आफ्नो पहिचान बनाउन र पैसाका लागि समूहमा प्रवेश गरेको बताउँछन् (इन्टरनेसनल अलर्ट, २०६५, पृष्ठ ११) ।

अनुसन्धानबाट देखिएअनुसार तराईमा औशत सशस्त्र समूह ५ देखि २० सदस्यीय रहेका छन् ।[४६] यस्ता समूह नेपाल सरकारसँगको वार्तामा आउने क्रम बढे तापनि अधिकांश समूह आर्थिक लाभका लागि बाहिरै रहन चाहन्छन् । सरकारी अधिकारीहरू, राष्ट्रिय र जिल्ला स्तरीय प्रहरी तथा स्थानीय सुरक्षा विश्लेषकहरूसँगको अन्तर्वार्ताले देखाएअनुसार सशस्त्र समूहले बताउने गरेको सैद्धान्तिक वा राजनीतिक उद्देश्य केवल देखावटी मात्र हो । केवल आफ्नो अवैध चरित्र र अर्थ आर्जन गर्ने गतिविधिलाई ढाकछोप गर्न राजनीतिक र सैद्धान्तिक खोल ओढ्ने काम सशस्त्र समूहबाट भएको विश्लेषकहरू बताउँछन् । अन्तर्वार्तामा उनीहरूले सञ्चार माध्यम र अधिकारवादी कार्यकर्ताहरूले तराईको बारे प्रतिवेदन बनाउँदा पक्षपाती ढंगले सशस्त्र समूहहरूको समर्थन गर्नेगरेको र समूहप्रति जनसमर्थन बढाउन र वैधानिकता दिलाउन सहयोग पुऱ्याउने गरेको पनि उनीहरूको विश्वास छ ।[४७] केही अन्तर्वार्ताकारहरूले सरकारसँग वार्तामा प्रवेश गर्दा ती समूहहरूले केही समय प्रहरीको अवरोधविना संगठित हुने र आफ्ना गतिविधि विस्तार गर्न छुट पाउने गरेको पनि जनाएका छन् ।[४८] यस विवादास्पद दावीले थप अनुसन्धानको आवश्यकता औंल्याएको छ ।

## पूर्वी पहाडी इलाका

काठमाडौं उपत्यका र तराईका सशस्त्र समूहहरूको तुलनामा पूर्वी पहाडी इलाकाका समूहले बढी राजनीतिक मार्ग अवलम्वन गरेको देखिन्छ । अधिकांशले स्थानीय आदिवासी समूहहरूको मान्यता र तिनीहरूलाई राज्यका संघ-संस्थामा समावेश गराउन वकालत गर्दैआएका छन् । पूर्वी पहाडी इलाकामा स्थानीय मान्यता र स्वायत्तताका लागि भएको संघर्षको लामो इतिहास छ । २०४७ सालको प्रजातान्त्रिक संवाहन र विस्तृत शान्ति सम्झौतापछि यो संघर्ष अझै थप स्पष्ट भएको छ । माओवादी सशस्त्र द्वन्द्वको बेला भने स्थानीय असन्तुष्टिका कारण यी समूहहरू माओवादी आन्दोलनमा तानिएका थिए ।[४९] पूर्वी पहाडी इलाकामा आफ्नो प्रभाव मजबुत पार्न एकीकृत कम्युनिस्ट पार्टी नेपाल- माओवादीले स्थानीय नेताहरूलाई आफ्नो पार्टीका उच्च पदहरू दिएको आरोप छ ।[५०]

विस्तृत् शान्ति सम्झौतापछि यस्ता समूहहरू पूर्वी पहाडी इलाकामा पुनः देखिए । तिनीहरूलाई दुइवटा फराकिलो सामाजिक वा जातीय आन्दोलनमा विभाजित गर्न सकिन्छ । ती दुवैले स्थानीय आदिवासी जनजाति लिम्वुवान र राईको भौगोलिक स्वायत्तताको मान्यताका लागि माग गर्दै आएका छन् । संघीय लिम्वुवान राज्य परिषद्[५१] का तीन विभाजित लिम्वुवान समूह धनकुटा, तेह्रथुम, संखुवासभा, सुनसरी, पाँचथर र ताप्लेजुङ जिल्लामा सक्रिय छन् । यी समूहहरूले स्वायत्त लिम्वुवान राज्य र आदिवासी संस्कृति, भाषा र धर्ममा नेपाल सरकारबाट मान्यता चाहेका छन् ।[५२] संघीय लिम्वुवान राज्य परिषद्ले यस राजनीतिक एजेन्डालाई अघि बढाइरहेको छ भने योसँग आवद्ध युवा समूह (लिम्वुवान स्वयमसेवक भनेर चिनिने) ले राजनीतिक नेताहरूलाई सुरक्षा प्रदान गरिरहेको छ । यदि लिम्वुवान राज्य स्थापित भएमा तिनीहरू उक्त राज्यका लागि सुरक्षा ढाँचाको मेरुदण्ड बन्नेछन् (आईसीजी, २०६८, पृष्ठ १४) ।

अन्य प्रमुख समूहमा खम्वुवान राष्ट्रिय मोर्चा र किराँत जनवादी वर्कस पार्टी पर्दछन् । यी दुवै पूर्वी पहाडको खम्वुवान क्षेत्रमा सक्रिय छन् । स्वायत्त खम्वुवान राज्य स्थापना गर्ने उद्देश्यले २०४९ मा गोपाल खम्वुले खम्बुवान राष्ट्रिय मोर्चाको स्थापना गरेका थिए । २०४६ सालयता खम्बुवान राष्ट्रिय मोर्चा राई जनता माथिको विदेशी कब्जा र दमन (उदाहरणका लागि विद्यालय र प्रहरीका चौकीहरू) विरुद्ध केन्द्रित रही हिंसात्मक गतिविधिमा संलग्न रह्यो । पूर्वी पहाडमा माओवादी आन्दोलन फैलिएपछि विशेष गरी खम्बुवान राष्ट्रिय मोर्चा र गोपाल खम्वुले जनयुद्धको समर्थनमा माओवादीको सिद्धान्त फैलाउन र स्थानीय जनता परिचालन गर्न महत्वपूर्ण भूमिका निभाए । वास्तवमा आफूलाई पार्टीमा उच्च पद दिने वाचा गरिएपछि गोपाल खम्बु[५३] र किराँत वर्कर्स पार्टी माओवादीसँग आवद्ध भए । विस्तृत् शान्ति सम्झौतापछि यो समूहका लडाकुहरूले माओवादीबाट छुट्टिएर किराँत जनवादी वर्कस पार्टी गठन गरे ।

गठनपश्चात यस समूहमा थुप्रै पटक फुट आयो । केही नेताहरू मूलधारका राजनीतिक पार्टीहरूमा प्रवेश गरे र अन्यले भूमिगत रूपमा आफ्नो काम जारी राखे (आईसीजी, २०६८, पृष्ठ १५) ।[५४] तिनीहरूले आफूलाई वैधानिक राजनीतिक संस्था भएको र आदिवासी जनजातिको अधिकार र पहिचानका लागि समर्पित रहेको घोषणा गरेपनि जनवादी वर्कर्स पार्टीबाट छुट्टिएका केही समूहहरू अपहरण, डर-धम्कीबाट चन्दा असुली, सम्पत्ति कब्जा एवं प्रहरी चौकीहरूमाथि आक्रमणजस्ता घटनामा संलग्न रहदै आएका छन् । २०६७ सालमा किराँत जनवादी वर्कस पार्टीले सरकारी अधिकारी एवं प्रहरीमाथि आक्रमण गरेपछि त्यसका केही सदस्यहरू पक्राउमा परे जसले गर्दा यो समूह र यसबाट छुट्टिएका विभिन्न समूह तुलनात्मक रूपमा कमजोर देखिए । किराँत जनवादी वर्कस पार्टीका सदस्यहरू निकट नातागोताका व्यक्तिहरू थिए, अधिकांश पूर्वी पहाडका एउटै निश्चित क्षेत्रबाट आएका र तिनीहरूबीच रगतको नाता पनि भएकोले उक्त गिरफ्तारीले ठूलो प्रभाव पाऱ्यो । समूहको सदस्यता घट्यो र एकतामा नकारात्मक असर पऱ्यो । मूल नेतृत्वमा विनोद राई र उनकी बहिनी मीना राई मात्र बाँकी रहे, अन्य सबै या त गिरफ्तारीमा परे वा स्थानीय राजनीतिक पार्टीहरूमा प्रवेश गरी राजनीतिक मूलधारमा पुगे ।[५५]

द्वन्द्वको बेला पनि खम्बुवान राष्ट्रिय मोर्चाको एउटा समूहमात्र माओवादीमा आवद्ध भएन, उसले आफ्नो गतिविधि स्वतन्त्रतापूर्वक जारी राख्यो । विस्तृत् शान्ति सम्झौतापछि यस समूहले आफूले सम्पूर्ण सशस्त्र गतिविधि बन्द गरेको दावी गर्दै संघीय नेपालभित्र खम्बुवान राज्यको स्थापनाका लागि दवाव दिइरह्यो । खम्बुवान राष्ट्रिय मोचाले पूर्वी पहाडी इलाकामा सशस्त्र गतिविधि सञ्चालन गरिरहेका अन्य समूहहरूसँग पनि दुरी बढायो । यस कदमलाई अघि बढाउने क्रममा खम्बुवान राष्ट्रिय मोर्चाले आफ्नो केही सशस्त्र एकाईलाई राजनीतिक टोलीमा परिवर्तन गरेको बताइन्छ । ती टोली हस्तक्षेपभन्दा सहमति, सुझाव र सेवामा संलग्न छन् (आइसीजी, २०६८, पृष्ठ १६) ।[५६]

पूर्वी पहाडी इलाकामा विभिन्न समुदायको प्रतिनिधित्व गर्दै अन्तरक्रियामा सहभागी भएका नागरिकहरूले भूमिगत समूहहरूको गतिविधिबाट टाढा रहने नीतिलाई प्राथमिकता दिएको जानकारी गराए । तिनीहरूले भूमिगत क्रियाकलाप र राजनीतिक हिंसाले आदिवासी समूहहरूको वैधानिक माग र तिनीहरूको राजनीतिक पार्टीहरूका लागि भौगोलिक स्वायत्तता र सांस्कृतिक तथा जातीय मान्यताका लागि फाइदा नपुग्ने तर्क गरे । २०६९ को जेठमा नयाँ संविधान बनाउने म्याद नाघेपछि पूर्वी पहाडी इलाकाका सम्पूर्ण स्थानीय पार्टी र समूहहरू नयाँ संविधानसभाको निर्वाचन गराउनका लागि दबाब दिइरहेका देखिन्छन् । पूर्वी पहाडी इलाकाबाट यस अध्ययनका लागि अन्तर्वार्तामा सरिक हुनेहरू, कि निर्वाचनले शान्तिपूर्ण ढंगले आफ्नो लक्ष्य प्राप्त गर्ने अवसर प्रदान गरेकोले त्यसको पक्षमा आफू रहेको तर चुनावी पथ असफल भएमा सशस्त्र क्रान्तिको विकल्प नभएको विचार राख्छन् ।[५७]

यस धम्कीलाई पनि नकार्दै अनुसन्धानले पूर्वी पहाडी इलाकामा नेपालको अरु भू-भागमा जस्तै सशस्त्र समूहको गतिविधि घट्दै गएको जनाउँछ । विश्लेषकहरूले २०६७ मा लागु गरिएको विशेष सुरक्षा योजनाको प्रभावकारिताका कारण आपराधिक गतिविधिमा कमी आएको जनाएका छन् ।[५८] प्रहरीको बढ्दो उपस्थितिका कारण अधिकांशले सशस्त्र संघर्ष त्यागेर स्थानीय राजनीतिक पार्टीहरूमा प्रवेश गरेको वा आफ्नो गतिविधि नै त्यागेको[५९] अवस्था छ भने केही सशस्त्र समूहहरू अझै सक्रिय छन् ।[६०] अहिले सक्रिय रहेको समूहमा लिम्वुवान राज्य फौज र किराँत जनवादी वर्कस पार्टीको सानो समूह छन् ।[६१] यी दुवै विशेषतः

निम्न स्तरको चन्दा असुली र अन्य आपराधिक गतिविधिमा संलग्न छन् ।[६२]

### पश्चिमी जिल्लाहरु

द्वन्द्वको समयमा एकीकृत नेपाल कम्युनिस्ट पार्टी माओवादी रोल्पा, रुकुम, सिन्धुली र गोरखामा सबैभन्दा बढी सक्रिय रहेको थियो (तिवारी, २०५८) । ती क्षेत्रहरूमा हरूको माओवादीको प्रभाव निरन्तर बलियो हुँदै गएकाले राष्ट्रका अन्य भागमा रहेको सशस्त्र समूहको गतिविधि त्यहाँ देखिएन । किनभने स्थानीय समुदायहरू (गरीब, दलित र अवसरबाट वञ्चित जातीय समूह) लाई स्थानीय राज्य संरचनामा गाभिएको छ, यसले गर्दा स्थानीयको समर्थन माओवादीलाई नै प्राप्त छ । माओवादी पार्टी संविधान सभामा सबैभन्दा ठूलो भएकोले र २०६५ पछि यो पार्टी सरकारमा आउने र जाने भइरहेकोले स्थानीय नेताहरूले राष्ट्रिय नीतिहरूमा पनि प्रभाव पार्न सकेका छन् ।[६३]

तर हालै एकीकृत माओवादी पार्टी टुक्रिएकाले यसबाट पश्चिमी जिल्लाहरूमा अस्थिरता छाउने चिन्ता छ ।[६४] मोहन वैद्य (किरण) द्वारा नेतृत्व गरिएको तथा सैद्धान्तिक रूपमा बढी कट्टरपन्थी सम्मिलित रहेर टुक्रिएको माओवादी समूहले एकीकृत नेकपा माओवादी पक्षलाई सिद्धान्तमा सम्झौता गरेको र आन्दोलनको लक्षहरूलाई प्रवर्धन गर्न नसकेको आरोप लगाएको छ । नयाँ पार्टी, नेकपा-माओवादीले[६५] एकीकृत नेकपा माओवादीको नेतृत्वमा रहेको सरकारप्रति आफ्नो असन्तुष्टि व्यक्त गर्दै हालै यस स्थितिको उपचारका लागि कदम चाल्ने घोषणा गरेको छ । २०५२ सालमा जनयुद्ध घोषणा गर्नुअघि माओवादीले अवलम्बन गरेको नीति अहिले दोहोरिन गएको सन्दर्भ आफैमा रोचक छ ।[६६] ठूलो कम्युनिष्ट पार्टीबाट छुट्टिनु, नेपाली राष्ट्रवादलाई जोड दिनु, भारतको मामिलामा कडा अडान लिनु (नेपालमा भारतीय चलचित्र र सवारी साधनमाथि प्रतिवन्ध लगाउनु) र पार्टी सदस्यहरूलाई परिचालन र तालिम (पूर्व वाइसीएल र जनमुक्ति सेनाका सदस्यहरूलाई राष्ट्रिय युवा स्वयंसेवक व्युरोमा पुन सँगठित गर्नु) जस्ता कार्यहरू संलग्न छन् (दाहाल, २०६९) । तर अहिलेको अवस्थामा नेकपा-माओवादीले राज्यलाई खतरामा पार्ने किसिमले लडाकु फौजलाई परिचालन गर्नसक्ने सम्भावना भने देखिन्न, यद्यपि पुनः हिंसात्मक द्वन्द्व चल्ने हल्लाले यसअघि नै तरल अवस्थामा रहेको राष्ट्रको राजनीतिक र सुरक्षा संयन्त्रमा असर पर्ने देखिन्छ ।[६७]

## सशस्त्र समूहहरुलाई सम्बोधन

नेपाल सरकारले सशस्त्र समूहहरूलाई पराजित गर्न उनीहरूप्रति कडा र नरमको मिश्रित नीति अवलम्वन गरेको छ । जानकारी पाउन कठिन र अपरिभाषित सत्रुलाई रोक्न अपनाइएको यस विधिले मिश्रित परिणाम दिएको छ । यद्यपि, काठमाडौं उपत्यका र तराईमा सरकारले विशेष प्रकारको नीति अख्तियार गरेको छ । मुख्य अखडाहरूमा प्रहरीको उपस्थिति बढाएको छ, आशंकितलाई पक्राउ गर्ने र जेल हाल्ने, हातहतियार र गोलीगठ्ठा जफत गर्ने अभियान चलाएको छ । सुरक्षा अभियानले नेपालको युवा समुदायलाई आशंकाको घेरामा राख्छ जसले गर्दा नेपालका बेरोजगार युवाहरू प्रहरीबाट टाढिन्छन् । दक्षिणी अमेरिकादेखि दक्षिण एसियासम्मका सरकारहरूले पनि यस्तै हस्तक्षेपकारी नीतिहरू अवलम्वन गर्ने गरेका छन् ।[६८]

२०६६ सालमा सशस्त्र समूहको चुनौतीसँग लड्ने उद्देश्यले गृहमन्त्रालयले ३ अर्व ८० करोड रुपियाँको विशेष सुरक्षा योजनाको घोषणा गर्‍यो । उल्लेख्य रूपमा स्थानीय स्तरमा सशस्त्र प्रहरी बलको उपस्थिति गरी राष्ट्रभरि नियम कानुनमा सुधार ल्याउने उद्देश्यले त्यो योजना लागु गरिएको थियो (चापागाईं र गौतम, २०६६) । सँगठित अपराधविरुद्ध लड्न, राजमार्गको अवरोध हटाउन, कानुनविहीन स्थितिको अन्त्य गर्न, जनसेवा सुनिश्चित गर्न, सरकारी र शैक्षिक संघसंस्थाहरूलाई जवर्जस्ती बन्द गराउनबाट रोक्न र नागरिकहरूलाई तिनीहरूको आफ्नै सुरक्षामा सहभागिता गराउन यसको प्रारुप तयार पारिएको थियो । विशेष सुरक्षा योजनाले प्रमुख जिल्ला अधिकारी अन्तर्गत क्षेत्रीय स्तरमा सुरक्षा समन्वयको गुणस्तर बढाउन पनि सहयोग पुर्‍यायो । काठमाडौं उपत्यका र तराईका केही जिल्लाहरूका प्रमुख सूचनादाताहरूका अनुसार थप प्रहरीको उपस्थिति, बढ्दो सुधारिएको सुरक्षा निकायबीचको समन्वय र सीमापारिका भारतीय समकक्षीहरूसँगको समन्वयमा सुधार आउनुले सशस्त्र समूहहरूको गतिविधिमा निकै कमी आएको छ (स्मल आर्मस सर्वे २०६८, झा, २०६५) ।

विशेष सुरक्षा योजनाको स्पष्ट सफलताको बावजुद पनि सरकारको आक्रामक प्रयासको व्यापक आलोचना भयो । उदाहरणको लागि प्रमुख जिल्ला अधिकारीलाई साना हातहतियार कानुन उल्लंघन गर्ने व्यक्तिहरूलाई विनाअभियोग तीन महिनासम्म थुन्ने न्यायिक अधिकार दिइयो । साथै, उक्त तीन महिनासम्म प्रमुख जिल्ला अधिकारीहरूले ती व्यक्तिविरुद्ध आपराधिक अभियोग दर्ता वा अनुसन्धान शुरु गर्नु नपर्ने भयो । स्थानीय न्यायिक अनुसन्धान पूरा हुन २ वर्षसम्म लाग्नसक्ने भएकाले त्यतिञ्जेलसम्म ती व्यक्तिहरू हिरासतमै रहनुपर्ने देखियो (एड्भोकेसी फोरम, २०६८) ।[६९] माथि उल्लेख गरिएबमोजिम प्रहरी अधिकारीहरूले सशस्त्र समूहको आपसी सम्बन्ध र प्रभावकारितालाई कमजोर बनाउन तिनीहरूबीच नै अविश्वास र भ्रम सिर्जना गर्ने उद्देश्यले भिजिलान्ते समूहहरूलाई प्रवर्धन गरेको बताइएको छ ।[७०] खासगरी विशेष सुरक्षा योजना कार्यान्वयन भएयता आरोपित सशस्त्र समूहका सदस्यहरूको गैरकानुनी ढंगले हत्या बढ्नुलाई ठूलो चिन्ताको रूपमा लिइएको छ । २०६८ मा मानवअधिकारका लागि संयुक्त राष्ट्रसंघको उच्चायुक्तको कार्यालयले हिरासतमा वा मुठभेडको दौरान निकै ठूलो संख्यामा व्यक्तिहरूको ज्यान गएको जनाएको थियो (ओएचसीएचआर २०६७, पृष्ठ ४) ।[७१] प्रजातान्त्रिक स्वतन्त्रता तथा मानव अधिकार संस्थाका अनुसार २०६५ को शुरुदेखि २०६८ को मध्यसम्ममा तराईका २० जिल्लामा १ सय ३२ व्यक्ति सुरक्षाकर्मीद्वारा र १ सय ४९ व्यक्ति तथाकथित सशस्त्र समूहद्वारा मारिएका थिए (झा र अर्याल, २०६८, पृष्ठ ६, २३) ।[७२]

बारम्बार सरकारको गठवन्धन र मन्त्रिमण्डलको प्रतिनिधित्वमा परिवर्तन आएपनि नेपाल सरकारले कम्तीमा १८ वटा सशस्त्र समूहसँग शान्तिवार्ता गरेको छ (तालिका नं. २) । काठमाडौंबाहिर अस्थिरता छाएको समयमा २०६५ को शुरुसम्ममा सरकारले गैरमाओवादी सशस्त्र समूहहरूसँग थुप्रै चरणमा वार्ता गरेको थियो (आइसीजी, २०६५क, पृष्ठ ७) । ती समूहहरू औपचारिक निकायको रूपमा गठन भएका हुन् वा होइनन् भन्ने अनिश्चितताको कारण ती वार्ताहरू बल्झिए । २०६६ मा गृहमन्त्रालयले आफूले वार्ता गर्दै गरेका समूहहरू राजनीतिक वा आपराधिक समूहमध्ये कुन हुन् भन्ने यकिन गर्न अध्ययन भइरहेको दावी गरेको थियो ।[७४] सशस्त्र समूहसँगको वार्तामा संलग्न एक पूर्व सरकारका मन्त्रीसँग लिइएको अन्तर्वार्ताअनुसार वार्ता राजनीतिक आचरण भएका सशस्त्र समूहहरूसँग मात्र भएको छ । माथि उल्लेख भएजस्तै कुनै समय राजनीतिक र आपराधिक दुवै गतिविधिमा संलग्न वा मिश्रित परिचय बोकेका छन्, यस्ता समूहको संख्या थुप्रै रहेका कारण वार्ता दिगो बन्न गाह्रो भएको छ ।

तैपनि तराईका केही भागमा सुरक्षा अवस्थामा सुधार आउनुको जस शान्तिवार्तालाई दिइएको छ । शान्ति तथा पुनर्निमाण मन्त्रालयका मन्त्रीको नेतृत्वमा सशस्त्र समूहसँग वार्ता हुने गरेका छन् । प्रारम्भिक चरणका बैठकहरू आत्मसमर्पण वा हातहतियार हस्तान्तरण र सशस्त्र समूहका नेताहरूबाट हिंसात्मक गतिविधि रोक्नेबारे सहमति सम्बन्धमा केन्द्रित हुने गर्दछन् । त्यसको बदलामा सरकारले क्षमादान दिने र प्रमुख नेता र सदस्य विरुद्धका कानुनी मुद्दा स्थायी रूपमा फिर्ता लिई तिनीहरूलाई रिहा गर्ने कानुनी पहल गर्दछ । त्यसपछि दुवै पक्ष सशस्त्र समूहले उठाएका सामाजिक तथा राजनीतिक विषयको समाधानका लागि थप प्रक्रियागत मुद्दामा केन्द्रित हुन्छन् । यद्यपि स्थानीय कार्यकर्ताहरू यस प्रक्रियाप्रति र प्रहरीबाट सताइने हो कि भनेर सशंकित रहने गरेका छन् । सशस्त्र समूहका सदस्यहरूले केही घटनाहरूमा आफूहरूलाई सामाजिक बहिष्कार गरिने हो कि भन्ने डरको कारण[७५] तिनीहरू शान्तिवार्ताबाट पाउने सुरक्षाको बदलामा आफूहरूले गुमाउनुपर्ने मूल्य बढी हुने चिन्तामा

रहन्छन् ।

सरकारको नेतृत्वमा गरिएका यी प्रयास लगायत सशस्त्र समूहद्वारा प्रभावित क्षेत्रमा शान्ति र पुनःमेलमिलाप प्रवर्धनका लागि थुप्रै अन्य सरकारी र गैरसरकारी कार्यहरू भएका छन् । असुरक्षाका ढाचागत कारणहरू र पीरमर्काहरूलाई सम्बोधन नगरिएसम्म सशस्त्र समूहको समस्या सुल्झाउने प्रयास प्रभावकारी नहुने अनुमान छ । यी प्रयासका लागि शान्ति तथा पुनर्निर्माण मन्त्रालयले स्थानीय शान्ति समितिको स्थापना गरेको छ । प्रभावशाली सामुदायिक अगुवाहरू जसमा राजनीतिक पार्टीका प्रतिनिधिहरू पनि पर्दछन्, सम्मिलित स्थानीय शान्ति समितिहरूले तिनीहरू पुनः हिंसातर्फ बढ्नुअघि नै समस्या समाधान गर्ने आशा गरिएको छ (ओडेन्डल र ओलिभर, २०६५, पृष्ठ ४, शान्ति तथा पुननिर्माण मन्त्रालय, २०६६) । तर स्पष्टरूपमा तिनीहरूको रचना अर्थात बनौटको कारण, तिनीहरूमा राजनीतिकरण हुने र केही निश्चित परिस्थितिहरूमा द्वन्द्व निम्त्याउने सम्भावना पनि छ । तिनीहरूको वास्तविक र सापेक्षिक प्रभावकारिताबारे अझै अध्ययन भइसकेको छैन ।

अन्तर्राष्ट्रिय र राष्ट्रिय संस्थाहरूले पनि आफ्नो संलग्नता अघि बढाएका छन् । उदाहरका लागि एसिया फाउन्डेसनले केही जिल्लामा द्वन्द्व समाधान र शान्ति सहजकर्ताहरूलाई परिचालन र सशक्तिकरणका लागि थुप्रै संख्यामा समुदाय मध्यस्थता परियोजना शुरु गरेको छ ।[७६] इन्टरनेशनल अलर्ट र युनिसेफजस्ता अन्तर्राष्ट्रिय संस्थाहरूले पनि समुदाय सुरक्षाको रक्षा र सम्वर्धनका लागि प्रभावित बालबालिका लगायत अन्य व्यक्तिहरूसँग प्रत्यक्षरूपमा काम गर्न थालेका छन् (इन्टरनेशनल अलर्ट, २०६४, २०६५) ।[७७] स्मल आर्म्स सर्वेको सहयोगमा हालै वास्तविक र अनुमानित असुरक्षामा यस्ता गतिविधिहरूको प्रभावबारे जानकारी लिन इन्टरडिसिप्लिनरी एनालिस्टले सर्वेक्षणमा आधारित रहेर मूल्याङ्कन गरेको छ । यसले केही सकारात्मक लाभ देखाएको पनि छ, तर त्यो अल्पकालीन भएको र केही प्रयासहरू विशेषतः सशस्त्र समूहहरूमाथि लक्षित नभएको देखिएको छ (मुगाह, २०६९) ।

यस्ता कार्यक्रमबाट सशस्त्र समूहरूको गठन र तिनीहरूको गतिविधि घटेको छ वा छैन भन्ने जान्नका लागि धेरै परीक्षण गर्नै बाँकी रहेको देखिन्छ । यद्यपि गृहमन्त्रालयको सबैभन्दा पछिल्लो तथ्याङ्कले देशमा सक्रिय सशस्त्र समूहको संख्या १ सयभन्दा बढीबाट घटेर करिब १ दर्जनमा सीमित हुन पुगेको छ, तर सरकारी र सम्बन्धित निकायहरूको संयुक्त प्रयासबाट आएको यस उपलब्धिले निरन्तरता पाउने सम्भावना स्पष्ट नरहेको जनाएको छ ।[७८] वर्तमान राजनीतिक अवस्था, नयाँ संविधान र नेपालको राजनीतिक प्रणालीको संघीय स्वरूप वरपर घुमेको किचलो र विवादले तिनीहरूको विकास र व्यवहारमा पक्कै प्रभाव पार्नेछ ।

## निष्कर्ष

२०६३ सालमा विस्तृत् शान्ति सम्झौतामा हस्ताक्षर भएयता नेपालमा च्याउसरी उम्रिएका सशस्त्र समूहको चरित्रबारे सटीक जानकारी पाउन नेपाल सरकार, प्रहरी बल र पत्रकारहरूले संघर्ष गर्दैआएका छन् ।

सशस्त्र समूहको गतिविधिको प्रमुख थलो (तराई र पूर्वी पहाडी इलाका) भनेर पत्ता लगाउन र चुनौती समाधान (सुरक्षा नीति वा वार्ताबाट) गर्न धेरै प्रयास भएको छ, तर पनि तथ्य बुझ्न पर्याप्त ध्यान दिन सकिएको छैन । त्यस कारण यस विषय प्रस्तुतिको आवश्यकता महसुस गरिएको हो । यसको उद्देश्य नेपालमा सशस्त्र समूहहरूबारे थप प्रकाश पार्नु हो ।

विश्वका अन्य मुलुकमा भएको सशत्र समूहको अध्यनहरूलाई प्रतिविम्वित गर्दै विषय प्रस्तुतिले नेपालको समकालीन सशस्त्र पात्रहरूको स्वभाव चित्रण गर्ने काम गरेको छ, जो सजिलो भने रहेन । पहिलो त अघिल्लो पुस्ताको सशस्त्र लडाकुको चरित्रसँग पछिल्ला सशस्त्र समूहको चरित्र मिल्दैन । पछिल्लो समूहहरूमा प्रष्ट ढाँचा नभएको र विखण्डनमुखी चरित्रका छन् । दोस्रो, तिनीहरू राज्यका लागि प्रत्यक्ष चुनौतीको रूपमा छैनन् । तिनीहरू आफ्नै निश्चित परिधिभित्र काम गर्नमै सन्तुष्ट देखिन्छन् । कतिपय कोणबाट हेर्दा उनीहरू यसरी नै काम गर्न बाध्य भएको देखिन्छ । तेस्रो, उनीहरूको स्वभाव र गतिविधिमा एकरूपता वा स्थिरता पाइन्न, उनीहरू कुन क्षण सर्वसाधारण जनता बन्छन् र कतिखेर राजनितिक पार्टीमा मिसिन पुग्छन्, भन्न सकिन्न ।

विषय प्रस्तुतिले नेपालका सशस्त्र समूहहरूलाई 'मध्य-क्षेत्र' का आधारमा विश्लेषण गर्न सजिलो ठानेको छ । अधिकांश सशस्त्र समूह कानुनी निकायको जानकारीमा छन् र राज्यबाट लुकेर आफ्ना गतिविधि सञ्चालन गर्ने चरित्र उनीहरूले अवलम्बन गर्ने 'मध्य-क्षेत्र' को एक पहिचान हो । राजनितिक र आर्थिक क्रियाकलापको मिश्रण उनीहरूको निर्देशक तत्व हो । यसलाई अँगालेर उनीहरू सञ्चालित छन् । विषय प्रस्तुतिले सशस्त्र समूहको गतिविधिलाई क्षेत्रीय स्तरमा विश्लेषण र तिनीहरूको राज्यको संघसंस्थाहरूसँगको सम्बन्धलाई चित्राङ्कन गरी यस 'मध्य-क्षेत्र'लाई स्पष्ट पारेको छ ।

विषय प्रस्तुतिले नेपालका सशस्त्र समूहहरूको स्वभावलाई पनि व्याख्या गरेको छ । राष्ट्रका अधिकांश सशस्त्र समूहहरू राज्यका लागि प्रत्यक्ष चुनौती नरहेको धारणाबाट शुरुवात गर्दै यसले तिनीहरूको प्रादुर्भाव, समुदायसँगको सम्बन्ध, वैध अर्थतन्त्रसँगको सम्बन्ध, हिंसाको प्रयोग र गतिविधि सञ्चालनलगायतका क्षेत्रमाथि केन्द्रित रही तिनीहरूलाई बुझ्न थुप्रै सम्बन्धित विशेषताहरू उल्लेख गरेको छ । नेपालमा रहेका सशस्त्र समूहहरूको स्वभाव र चुनौतीबारे थप विस्तृत् ज्ञान प्रदान गर्नुका साथै यस्तो सूचीले राष्ट्रमा सशस्त्र समूहहरूको उपस्थिति र प्रभावलाई अन्ततः घटाउँदै लान नीति-निर्माता र विशेषज्ञहरूलाई सघाउनेछ । सशस्त्र समूहका प्रमुख वार्ताकारहरू पहिचान गर्न, तिनीहरूको प्रतिक्रिया संकलन गर्न र प्रभावकारीतालाई नापतौल गर्न पनि यसले सहयोग पुऱ्याउनेछ ।

अन्तिम बुँदाबारे जानकारी गराउनु विशेष आवश्यक छ । नेपालमा किन सशस्त्र समूहहरू देखापरे भन्नेबारे यस अध्ययनमा उल्लेख गरिएको छैन । राजनीतिक अस्थिरता (विशेष गरी संघीयता माथिको प्रश्न) ले गम्भीर अस्थिरता सिर्जन गरेको हो । खासगरी यो विषय निश्चित जात-जाति तथा आदिवासी समूहको विगत लामो समयदेखिको सरोकारसँग जोडिएको छ । यसका अतिरिक्त नेपालको अनिश्चित र नाजुक आर्थिक स्वरूपका कारण सशस्त्र समूहहरू पुनः देखापर्ने र फस्टाउने बलियो सम्भावना रहेको छ ।

राष्ट्रको नियम–कानुन स्थापना गर्ने विषयमा निरन्तर रूपमा सशस्त्र समूहरूबाट सिर्जना गरिएको खतरा अहिले नै टरेर जाने अवस्था देखिन्न । यसको निरन्तरता कायम रहनेछ । सशस्त्र समूहको परिमाणमा अहिले देखिएको कमीलाई हेरी यस विषयलाई बेवास्ता गरिनुहुन्न । यस समस्यालाई वास्तविक सूचनामा आधारित नीति अवलम्वन गरी समाधान गरिनुपर्दछ ।

तालिका नं. २ **नेपाल सरकारसँग शान्तिवार्तामा संलग्न सशस्त्र समूहहरु**[७३]

| | |
|---|---|
| १ | अखिल तराई मुक्ति मोर्चा (संस्थापन समूह) |
| २ | अखिल तराई मुक्ति मोर्चा (गोइत) |
| ३ | जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन) |
| ४ | किराँत जनवादी वर्कर्स पार्टी |
| ५ | लिवरेसन टाइगर्स अफ तराई इलम |
| ६ | मधेश मुक्ति टाइगर्स |
| ७ | मधेशी भाइरस किलर्स |
| ८ | नेपाल डिफेन्स आर्मी |
| ९ | संघीय लिम्वुवान राज्य परिषद् |
| १० | संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा |
| ११ | संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (आजाद) |
| १२ | संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (पवन) |
| १३ | तराई संयुक्त जनतान्त्रिक पार्टी |
| १४ | संयुक्त जातीय मुक्ति मोर्चा |
| १५ | तराई जनतान्त्रिक मुक्ति मोर्चा (कौटिल्य) |
| १६ | जनतान्त्रिक मधेश तराई मुक्ति मोर्चा (प्रताप) |
| १७ | खम्वुवान मुक्ति मोर्चा (संयुक्त) |
| १८ | जनतान्त्रिक तराई मुक्ति मोर्चा (भगत सिंह) |

## नोट

१. सात पार्टी गठबन्धनः नेपाली कांग्रेस (नेका), नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी, एमाले), नेपाल सद्भावना पार्टी आनन्दी देवी, (नेसप-आ), नेपाली कांग्रेस (प्रजातान्त्रिक, नेका (प्र)), जनमोर्चा नेपाल, नेपाल मजदुर किसान पार्टी (नेमकिपा) र संयुक्त वामपन्थी मोर्चा (संवामो)।

२. नेपालमा २०५२ सालदेखि २०६३ सालसम्म 'जनयुद्ध' वा 'विद्रोह' का नामले चलेको सशस्त्र द्वन्द्व। यी दुवै शब्द नेपाली सन्दर्भमा सामान्य रूपमा चलेका भएपनि यस विषय प्रस्तुतिमा 'सशस्त्र द्वन्द्व' को प्रयोग गरिएको छ।

३. राजनीतिक दलहरूबीचको तनाब, जाति-जनजातिबीचको कटुता, राजतन्त्र फर्किने खतरा, लोकतन्त्र मासिने डर र माओवादी विद्रोहले असुरक्षा अभिवृद्धि गऱ्यो (कार्की र सेडोन, २०६०, हट, २०६१, भोन इनसेडलसमेत, २०६९, आइसीजी, २०६९क, २०६९ख)।

४. बढ्दो गरिबी, शहरी र ग्रामीण क्षेत्रको असमान विकास, जात-जाति प्रथाको निरन्तरता, जनजाति-क्षेत्र पहिचानलगायतका विभिन्न मुद्दाले सिर्जना गरेका समस्या। नेपालका यी मुद्दा नयाँ संविधान निर्माणका सम्बन्धमा र संघीयताको स्वरूप निर्धारणमा सार्वजनिक सरोकारका विषय बनेका छन्। २०६९ को जेठमा भएको संसद विघटनका लागि पनि यी विवाद कारण बने। सोही सालको मंसिरमा नयाँ निर्वाचनका लागि मिति पनि तोकियो जो अहिले २०७० का लागि सारिएको छ।

५. सरकारलले १० देखि दुई दर्जनको परिमाणमा सशस्त्र समूह रहेको विषय प्रस्तुतिका लागि गरिएको अन्तर्वार्तामा सम्बद्ध अधिकारीहरूले जानकारी गराएका छन्। लेखकले स्थानीय तथा अन्तर्राष्ट्रिय सुरक्षा परमर्शदाताहरूसँग अन्तर्वार्ता लिएको छ। जसमा क्रमशः परामर्शदाता र काठमाडौंस्थित नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलका अधिकारीसँग २०६९ को असोज २, १८ र १९ गतेका दिन अन्तर्वार्ता गरिएको हो।

६. तराईमा सशस्त्र समूहको क्रियाकलाप प्रष्ट रूपमा जानकारी पाउन हेर्नुहोस्, यातना तथा गैरकानुनी हत्याका सम्बन्धमा एड्भोकेसी फोरमको प्रतिवेदन (२०६७, पृष्ठ २३-४०)।

७. लेखकले स्थानीय प्रहरी तथा तराईका राजनीतिक दलका नेताहरूसँग २०६८ को चैत महिनामा अन्तर्वार्ता गऱ्यो। काठमाडौंस्थित नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका अधिकारीहरू अपराधी र प्रहरीबीच सम्बन्ध रहेको मान्दछन्। लेखकले काठमाडौंमा नेपाल प्रहरी र सशस्त्र प्रहरीका अधिकारीहरूसँग २०६९ असोज १८ गते अन्तर्वार्ता गरेको।

८. नेपालमा संसदीय लोकतन्त्रको पहिलो लहर राणा शासनविरुद्ध चलेको हो जो २००७ देखि २०१७ सालसम्म चल्यो। २०१७ देखि २०४७ सम्म नेपाली राजनीतिलाई पञ्चायती व्यवस्थाले नियन्त्रित गऱ्यो। २०४७ सालको जनआन्दोलनले लोकतन्त्रको दोस्रो चरण निर्देशित गऱ्यो जसले २०६१ सालको संकटकालको घोषणा तथा लोकतन्त्रको पुनर्वहालीको अवधिसम्म प्रभाव देखायो। लोकतन्त्रको तेस्रो चरण विस्तृत् शान्ति सम्झौतामा हस्ताक्षर भएपछि सुरु हुन्छ जो २०६३ को मंसिर ५ मा सम्पन्न भयो।

९. केही हतियारधारी समूह राज्य पक्षसमक्ष उपस्थित भएर हतियार बुझाउन तयार भएको तर त्यसको बदलामा स्थानीय अमुक राजनीतिक दलको केन्द्रीय कमिटीमा स्थान दिलाइदिन माग गर्नेगरेको देखिन्छ। लेखकले स्थानीय नागरिक समाजका अगुवा जो पूर्वी पहाड तथा तराईको प्रतिनिधित्व गर्दछन्, सँग २०६९ असोज ९ र १७ गते काठमाडौंमा गरेको अन्तर्वार्तामा आधारित।

१०. यस विधा अन्तर्गतका सबै अन्तर्वार्ता काठमाडौंमा २०६९ सालको असोज महिनामा लिइएका हुन् (बक्स हेर्नुहोस्)।

११. द्रव्य शाह (१६१६-१६२७) का वंशज पृथ्वीनारायण शाहले 'गोर्खा-गृह' बाट वि.सं. १८०० मा नेपालको एकीकरण-यात्रा सुरु गरेका हुन्।

१२. यस विषय प्रस्तुतिका लागि पूर्वी पहाडी क्षेत्रमा स्थलगत अनुसन्धान गरिएको छैन। तर यस क्षेत्रमा र अन्य जनजाति तथा आदिवासी क्षेत्रमा काम गरेका राजनीतिक नेता, स्थानीय तथा अन्तर्राष्ट्रिय सुरक्षा क्षेत्रका विज्ञहरूसँग अन्तर्वार्ता गरिएको छ। यी अन्तर्वार्ताहरू काठमाडौंमा सम्पन्न भएका हुन्।

१३. भारतले बेलायती शासनबाट २००४ भदौ १ गते मुक्ति पाएको हो।

१४. प्रजातान्त्रिक अभ्यासको पहिलो चरण २०१७ सालमा राजा महेन्द्रले शाही कू गरेर कार्यकारी अधिकार आफूमा लिई पञ्चायती व्यवस्था लागु नगर्दासम्म कायम रह्यो।

१५. यो विद्रोह माओवादी आन्दोलनको परिणाम मात्र थिएन। माओवादीको प्रभावमा रहेको रोल्पा जिल्लामा २००७ र २०४७ का बीच कम्तीमा तीन पटक भूमिपति र अभिजात व्यापारीविरुद्ध हतियार उठेको थियो। त्यही विद्रोहले राजनीतिक चेतना पाएर र माओवादीले उठाएका मुद्दाप्रति सहानुभूति राखेर समर्थन जनाएको तर्क गरिन्छ (गिडवानी र पौडेल, २०६८, श्नेडरम्यान, २०६०)।

१६. २०५० सालको मध्यावधिक निर्वाचनमा बाबुराम भट्टराईले नेतृत्व गरेको एकीकृत जनमोर्चा नेपाललाई निर्वाचन आयोगले मान्यता दिएन। परिणामस्वरूप एकीकृत जनमोर्चा पुष्पकमल दाहाल (प्रचण्ड) ले नेतृत्व गरेको नेपाल कम्युनिष्ट पार्टी एकता केन्द्रसँग मिल्न पुग्यो, पार्टी एकीकरणपछि त्यसको नाम राखियो नेपाल कम्युनिष्ट पार्टी माओवादी (लावती, २०६७, पृष्ठ ६)।

१७. जनयुद्धको नारा थियो, 'प्रतिक्रियावादीको साम्राज्य ध्वस्त पारी जनसत्ता स्थापना गर्न संघर्षको बाटोमा अघिबढौं' (शर्मा, २०६१, पृष्ठ ५१)।

१८. द्वन्द्वको पछिल्लो समयावधिमा भिजिलान्ते समूह सक्रिय थिए, भिजिलान्ते बनेका गाउँस्तरका सर्वसाधारणले माओवादीविरुद्ध हतियार उठाए (एमनेष्टी इन्टरनेसनल, २०६२, पृष्ठ ३-७, आईसीजी, २०६१, ओएचसीएचआर, २०६९, पृष्ठ ९४)। नागरिक तथा सुरक्षा कर्मचारीहरूले अन्तर्वार्ताका क्रममा भिजिलान्तेको गठन राज्यको सुरक्षा बलले गरेको विश्वास प्रकट गरे। तालिका १ मा भिजिलान्ते समूह उल्लेख गरिएको छैन, किनभने अहिले यो समूह प्रभावमा छैन। लेखकले नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका वरिष्ठ अधिकारीहरूसँग काठमाडौंमा २०६९ असोज १८ र १९ मा गरेको अन्तर्वार्तामा आधारित।

१९. २०५२ सालदेखि २०६५ पुससम्म पार्टीलाई नेपाल कम्युनिष्ट पार्टी माओवादी भनियो, नेपाल कम्युनिष्ट पार्टी (मसाल) यस दलमा एकीकृत भएपछि यसको नाम सोही वर्षको माघ महिनाबाट एकीकृत नेपाल कम्युनिष्ट पार्टी माओवादी नामकरण गरियो। यस विषय प्रस्तुतिमा यस पार्टीलाई सम्बोधन गर्दा एनेकपा-माओवादी भनिएको छ, 'माओवादी' भनिएकोमा हालै विभाजित माओवादी दल हो कि भन्ने भ्रम कसैलाई नपरोस्।

२०. देशव्यापी प्रभावमा रहेको जनमुक्ति सेनाको औपचारिक घोषणा २०५८ को भदौमा भएको हो।

२१. जनआन्दोलन एकले २०४७ सालमा नेपालमा प्रजातान्त्रिक व्यवस्थाको दोस्रो चरण प्रारम्भ गऱ्यो।

२२. एकीकृत नेकपा-माओवादी ५७५ निर्वाचित सिटमा २२० सिट जितेर सबैभन्दा ठूलो पार्टी बन्यो।

२३. नेपाली सेनालाई पहिला शाही नेपाली सेना भनिन्थ्यो। २०६३ मा विस्तृत शान्ति सम्झौता सम्पन्न भएपछि यसको नाम परिवर्तन गरिएको हो।

२४. लेखकले स्थानीय सुरक्षा निकाय र राजनीतिक विश्लेषकसँग काठमाडौंमा २०६९ असोज ३ गते गरेको अन्तर्वार्ता।

२५. लेखकले नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका वरिष्ठ अधिकारीसँग काठमाडौंमा २०६९ असोज १८ र १९ मा गरेको अन्तर्वार्तामा आधारित।

२६. अन्तर्वार्ता (बक्स १ हेर्नुहोस्)। हरेक व्यक्तिसँगको अन्तर्वार्ता सन्दर्भमा राखिएको छ।

२७. लेखकले २०६९ को असोज ९ गते आदिवासी समुदायसँग सम्बद्ध नागरिक समाजका अगुवासँग गरेको अन्तर्वार्तामा आधारित।

२८. अन्तर्वार्तामा प्रष्ट भनिएको छ तर स्थानीय जनताले खुला रूपमा सशस्त्र समूहका गतिविधिलाई स्वीकार गरेनन्, यद्यपि 'काठमाडौंको उपनिवेस' र पहाडीको प्रभुत्वबाट मुक्त गर्ने उनीहरूको मुद्दाप्रति भने सकारात्मक देखिए। लेखकले २०६९ को वैशाखमा नागरिक समाजका अगुवासँग अन्तर्वार्ता गरेको हो, यसैगरी आदिवासी समूहको प्रतिनिधित्व गर्ने एक व्यक्ति र मधेशी समूहसँग क्रमशः ९ र १७ असोज २०६९ मा अन्तर्वार्ता गरिएको थियो।

२९. लेखकले नेपाल प्रहरीका वरिष्ठ अधिकारी र सशस्त्र प्रहरी बलका अधिकृतसँग काठमाडौंमा २०६९ आश्विन १८ र १९ गते अन्तर्वार्ता गरेको हो।

३०. लेखकले नेपाल प्रहरीका वरिष्ठ अधिकारी र सशस्त्र प्रहरी बलका अधिकृतसँग काठमाडौंमा २०६९ आश्विन १८ र १९ गते अन्तर्वार्ता गरेको हो।

३१. लेखकले नेपाल प्रहरीका वरिष्ठ अधिकारीसँग काठमार्डांमा २०६९ आश्विन १८ गते अन्तर्वार्ता गरेको हो ।

३२. लेखकले नेपाल प्रहरीका वरिष्ठ अधिकारीसँग काठमार्डांमा २०६९ आश्विन १८ गते अन्तर्वार्ता गरेको हो ।

३३. लेखकले काठमाडौंमा एक पत्रकार र एक राजनीतिक विश्लेषकसँग २०६९ आश्विन २२ गते अन्तर्वार्ता गरेको हो ।

३४. प्रायः समूहहरू निश्चित नाम राखेर सञ्चालन भएका हुँदैनन्, त्यसैले नेताको नामबाटै उनीहरूको पहिचान हुनेगर्दछ जसले त्यस समूहको स्थापनामा केन्द्रीय भूमिका खेलेको र नेतृत्वमा समय दिएको हुन्छ ।

३५. एक विश्लेषकका अनुसार सन्को ६० को दशकअघि नै केही समूह पश्चिमेली पर्यटक संस्कृति जसलाई 'हिप्पी संस्कृति' का नामले चिनियो, प्रकट भयो । यस संस्कृतिलाई बोकेर हिंड्नेहरूले लागू औषधजस्तो गैरकानुनी वस्तु माग गर्थे । २०४७ सालको परिवर्तनअघि सम्म र विस्तृत शान्ति सम्झौतापछि पनि यसको प्रभाव देखियो । लेखकले काठमाडौंमा कार्यरत एक पत्रकारसँग २२ आश्विनमा गरेको अन्तर्वार्तामा आधारित ।

३६. आदर्श रूपमा सशस्त्र समूहलाई 'खुला समूह' र 'भूमिगत समूह' का नामले वर्गीकरण गरिन्छ । तर यहाँ यस वर्गीकरणको पुष्टिका लागि पर्याप्त आधार फेला नपरेकाले त्यसो गरिएको छैन । समूहको वारम्बार बदलिने स्वरूपका कारण पनि त्यसो नगरिएको हो ।

३७. जनतान्त्रिक तराई मुक्तिमोर्चा- गोइत, जनतान्त्रिक तराई मुक्तिमोर्चा- ज्वाला, जनतान्त्रिक तराई मधेश मुक्ति पार्टी- भगत सिंह, संयुक्त जनतान्त्रिक मुक्तिमोर्चा- पवन, मेधेशी टाइगर्स, चुरे भावर एकता समाज ।

३८. किरात जनवादी वर्कर्स पार्टी- नवीन किराती, किरात जनवादी वर्कर्स पार्टी- यलम्बर किरात, फेडेरल लिम्बुवान स्टेत काउन्सिल- कुमार लिङदेन ।

३९. जस्तो कि नेपाल डिफेन्स आर्मी ।

४०. लेखकले काठमाडौंमा २०६९ आश्विन ३ गते राजनीतिक परामर्शदाता, २०६९ आश्विन १० गते पूर्व मन्त्री र नेपाल प्रहरीका वरिष्ठ अधिकारी तथा सशस्त्र प्रहरी बलका अधिकृतसँग २०६९ आश्विनको १८ र १९ गते अन्तर्वार्ता गरेको हो ।

४१. जनतान्त्रिक तराई मुक्तिमोर्चा लगातार विभाजित भयो, तराईका मधेशी जनताको अधिकारका कुरा गरे पनि राजनीतिक मुद्दालाई छोडेर आर्थिक स्वार्थमा मात्र केन्द्रित भएको विश्वास गरिन्छ ।

४२. सरकारले १०९ सशस्त्र समूह पहिचान गरेकोमा ३८ ले 'तराई' र १५ ले मधेश वा मधेशी शव्द जोडेर आफ्नो नामकरण गरेको तर दुवैले भौगोलिक क्षेत्रमै चासो राखेको बताइएको छ ।

४३. केही प्रतिवेदनका अनुसार केही सशस्त्र समूहका नेताहरूले छाता संगठन बनाउने र सहकार्य गर्ने विषयमा भारतको विहारमा बैठक गरेको दावी गरियो (सर्कार, २०६५) ।

४४. लेखकले २०६९ असोज ४ गते काठमाडौंमा तराईका सुरक्षाविद्सँग, २०६९ असोज १० मा पूर्व मन्त्री, २०६९ असोज १४ मा एकीकृत माओवादीका उच्च पदस्थ महिला सदस्य र २०६९ असोज १९ मा सशस्त्र प्रहरी बल र नेपाल प्रहरीका वरिष्ठ अधिकृतसँग गरेको अन्तर्वार्ता ।

४५. लेखकले सशस्त्र समूहका पूर्व सदस्यसँग तराईको जेलमा २०६९ फागुनमा गरेको अन्तर्वार्ता ।

४६. सानो-तिनो अपराधमा संलग्न व्यक्ति तथा गैरकानुनी लागू औषध व्यवसायी, बेरोजगार तथा अर्धरोजगार, सामाजिक रूपमा सीमान्तकृत तथा प्रहरीको अभिलेखमा अभियुक्त करार व्यक्ति । तराई नागरिक समाजको प्रतिनिधि, नेपाली प्रहरीको अधिकारी तथा सशस्त्र प्रहरी बलको अधिकृतसँग २०६९ असोजको १७-१९ मा गरिएको अन्तर्वार्ता ।

४७. नेकपा एमालेका वरिष्ठ नेताले अपराधीलाई सञ्चारमाध्यमले नायक बनाउँछ (नागरिक समाचार, २०६९ वैशाख २१ गते) भनेको प्रकाशित ।

४८. मानवअधिकार तथा सुरक्षा विषयमा काम गर्ने स्थानीय नागरिक समाजका अगुवासँग काठमाडौंमा २०६९ असोज २४ मा गरिएको अन्तर्वार्ता ।

४९. माओवादीप्रतिको समर्थन सर्वसम्मत थियो भन्ने होइन । माओवादी व्यवस्थाको समर्थन सीमित क्षेत्रहरूका स्थानीय वासिन्दाबाट भएको हो (शाह, २०६५) ।

५०. लेखकले पूर्वी पहाडी क्षेत्रका स्थानीय बौद्धिक व्यक्तिहरूसँग समूहमा २०६९ असोज ११ मा गरेको अन्तर्वार्ता ।

५१. नेतृत्वसँग व्यक्तिगत असमझदारी भएपछि संघीय लिम्बुवान राज्य समितिबाट फुटेका तीन समूह, उनीहरूको कुनै राजनीतिक मुद्दा छैन, न त कार्यनीति नै छ । तीन प्रमुख नेतामा कुमार लिङदेन, सञ्जुहाङ पालुङवा र मिसेखाङ्ग थामसुहाङ रहेका छन् । तीन समूहका नेताको नाम क्रमशः लिङदेन, पालुङ्वा र थामसुहाङ हो ।

५२. लेखकले आदिवासीको प्रतिनिधिसँग काठमाडौंमा २०६९ असोज ९ गते गरेको अन्तर्वार्ता ।

५३. पूवी पहाडका आदिवासी तथा जनजाति प्रतिनिधिसँग २०६९ असोजमा गरेको अन्तर्वार्तामा आधारित । गोपाल खम्बु र माओवादी नेतृत्वबीच तीन चरणमा कुरा भएको थियो, सहमतिअनुसार खम्बुलाई माओवादीले पार्टीभित्र उच्चस्तरको पद दिने र उनले अभियानलाई सघाउनुपर्ने सहमति भएको थियो ।

५४. किराँत जनवादी वर्कर्स पार्टीले प्रमुख दुई विभाजनको अनुभव सँगालेको छ । २०६६ मा पहिलो विभाजन भयो जसमा नेता तथा कार्यकर्ता आधाउधि  बाँडिए, एक भागमा रविन किराति र अर्कोले विनोद राई (जसलाई विश्वास विद्रोही भनिन्छ) रहेका थिए । विनोद राईकी बहिनी अनन्ता क्रान्तिलगायतले संयुक्त जातीय मुक्तिमोर्चाको गठन २०६९ मा गरेका हुन् ।

५५. लेखकले सशस्त्र समूहका बारेमा पूर्वी पहाडमा अध्ययन गर्ने व्यक्तिलाई २०६९ असोज ११ गते अन्तर्वार्ता गरे ।

५६. आदिवासी प्रतिनिधिसँग काठमाडौंमा २०५६ असोज ९ मा लेखकले अन्तर्वार्ता गरे ।

५७. आदिवासी प्रतिनिधिसँग काठमाडौंमा २०५६ असोज ९ मा लेखकले अन्तर्वार्ता गरे ।

५८. वरिष्ठ नेपाल प्रहरी अधिकृत तथा सशस्त्रका प्रहरी बलका अधिकारीसँग काठमाडौंमा असोज १८ र  १९ का दिन वार्ता ।

५९. लिम्बुवान मोर्चा तथा खुम्बुवान मोर्चा एकीकृत भएको विश्वास गरियो ।

६०. उदाहरणका लागि किराँत जनवादी वर्कर्स पार्टीका पूर्व सदस्य हंस किराँती आदिवासीको अधिकारको वकालत गर्ने स्थानीय संघीय लोकतान्त्रिक राष्ट्रिय पार्टीमा सामेल भए ।

६१. उदाहरणका लागि लिम्बुवान राष्ट्रिय मुक्ति मञ्च तथा माथिल्लो किराँत तथा लिम्बुवान लिबरेसन आर्मी दुवै विशेष सुरक्षा योजना आएपछि विलय भए ।

६२. लेखकले आदिवासी प्रतिनिधिसँग काठमाडौंमा २०६८ असोज ६ गते अन्तर्वार्ता गरेको ।

६३. लेखकले नेपाल कम्युनिष्ट पार्टीका पूर्व सदस्यसँग काठमाडौंमा २०६८ असोज १२ र १४ गते वार्ता गरेको हो ।

६४. लेखकले नेकपा-माओवादीका वरिष्ठ नेतासँग काठमाडौंमा २०६८ असोज १७ र २२ गते वार्ता ।

६५. नेकपा-माओवादीले त्यही नाम अंगीकार गऱ्यो जुन नाम उसले विद्रोहकालमा राखेको थियो, यसबाट त्यसका नेता तथा कार्यकर्तामा आफू मात्र सही माओवादी भएको र एकीकृत माओवादी भने सम्झौतावादी रहेको देखाउन खोजियो । लेखकले नेकपा-माओवादीसँग काठमाडौंमा असोज महिनामा गरेको वार्तामा आधारित ।

६६. राजनीतिक विश्लेषकका रूपमा कार्यरत स्थानीय पत्रकार तथा नेकपाका पूर्व सदस्यसँग २२ असोजमा गरेको अन्तर्वार्तामा आधारित ।

६७. नेकपा-माओवादीका सदस्य, अन्य राजनीतिक पार्टीका सदस्य तथा प्रहरी अधिकारीहरूले नेकपा- माओवादीसँग सशस्त्र विद्रोह गर्ने क्षमता र प्रमाणित गर्ने आधार छैन भनेका छन् । अन्तर्वार्ताका क्रममा उनीहरूले क्षमताको कुरा गर्दा पैसा, हतियार र कार्यकर्ताकै कमी छ भने । र, उसको प्रष्ट उद्देश्य पनि देखिन्न । माओवादी विद्रोहका समयमा उनीहरूले राजतन्त्रलाई देखाएर सामाजिक तथा आर्थिक विकासको वाधक संस्था हटाउने मुद्दा देखाएका थिए, तर अहिले नेकपा- माओवादीसँग देखाउनका लागि कुनै सत्रु बाँकी छैन । संसदीय लोकतन्त्रकै विरुद्ध विद्रोह गर्न लागेको देखिनेछ र त्यसले मूलधारको राजनीतिलाई नै लाभ पुग्नेछ ।

६८. संगठित हिंसात्मक समूहलाई सम्बोधन गर्न विश्वको प्रयास कस्तो छ भन्ने जानकारीका लागि हेर्नुहोस् स्मल आर्मस सर्वे (२०६७) । उदाहरणका लागि दक्षिण अमेरिका तथा क्यारेबियन क्षेत्रमा चालिएको कदमका सम्बन्धमा मुगाहलगायतका लेखकले २०६६ र सिल्कले २०६७ मा लेखेका किताब हेर्नुहोस् ।

६९. यसो भनिन्छ कि मौजुदा अदालतमा मुद्दा बहस गरिएन, स्वच्छ सुनुवाई भएन र न्यायका सम्बन्धमा पर्याप्त अनुभव नभएको अर्ध न्यायिक निकाय खडा गरेर फैसला गरियो । २०६८ को असोज ५ गते सर्वोच्च अदालतले सरकारलाई प्रजिअहरूमा रहेको अर्ध न्यायिक अधिकार पुनरवलोकन गर्न आदेश थियो ।

७०. धनुषा, सिराहा र काठमाडौंका प्रहरी अधिकारीहरूसँग लेखकले २०६८ चैत र मंसिरमा गरेको अन्तर्वार्ता ।

७१. राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयले सुरक्षा फौजले २०६५ माघदेखि २०६७ असारसम्म भएका घटनाको प्रतिवेदन गैरकानुनी ५७ हत्याका घटना, (२०६७, पृष्ठ ४) ।

७२. अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), लोकतान्त्रिक स्वतन्त्रता तथा मानवअधिकार प्रतिष्ठान र तराई मानवअधिकार प्रतिरक्षा समूहले संयुक्त रूपमा सुरक्षा निकाय र सशस्त्र समूहहरूबाट गरिएका हत्याका घटनाको अनुगमन गरे ।

७३. समूहको संख्या निर्माणबारे सञ्चारमाध्यमको स्रोतलाई उपयोग गरिएको छ । त्यसको प्रमाणीकरणका लागि नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका अधिकृतसँग काठमाडौंमा २०६९ असोज १८ र १९ वार्ता गरियो । हालसालै नयाँ निर्वाचन हुन लागेकाले प्रभाव र आधार क्षेत्र बढाउन मूलधारका राजनीति दलहरूले सशस्त्र समूहसँग सहकार्य गर्न खोजिरहेका छन् । उदाहरणका लागि एकीकृत नेकपा माओवादीसँग संयुक्त जनतान्त्रिक तराई मुक्तिमोर्चा (पवन) २०६९ माघमा एकीकृत भए ।

७४. लेखकले एक पूर्व मन्त्रीसँग काठमाडौंमा २०६९ असोज १० गते अन्तर्वार्ता गरेको ।

७५. केही समूहलाई धोकेबाज, सुराकी र हुतिहाराको आरोप लगाइन्छ । सिराहा र धनुषामा लेखकले २०६८ मंसिरमा सशस्त्र समूहका सदस्यसँग गरेको अन्तर्वार्ता ।

७६. शान्ति निर्माणको अवधारणा र विधि प्रयोग गरेर सामुदायिक मध्यस्थकर्तालाई स्थानीय स्तरको द्वन्द्व तथा त्यसको निहित कारणको विश्लेषण गर्दै तालिम दिइन्छ (लेडऱ्याक तथा थापा, २०६७) ।

७७. इन्टरनेसनल अलर्टले न्याय तथा सुरक्षामा पहुँचका लागि नेपालका विभिन्न जिल्लाहरूमा युवा तथा अन्य समूहसँग मिलेर काम गरेको छ । इन्टरनेसनल अलर्टको प्रतिवेदन हेर्नुहोस् (२०६४, २०६५) । त्यसैगरी, युनिसेफले सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकालाई सहयोग गर्ने उद्देश्यले मुलुकका विभिन्न जिल्लामा काम गर्दैआएको छ (युनिसेफ, २०६६) ।

७८. लेखकले काठमाडौंमा राजनीतिक व्यक्तिहरूसँग २०६९ को असोज १४ र १८ मा र नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका अधिकारीहरूसँग असोजकै १८ र १९ मा अन्तर्वार्ता गरेको ।

## ग्रन्थ-सूची


अधिकारी, एन. । २०६८ । 'जोखिममा मानवअधिकार: साना हतियार- चुनौतीको परिस्थिति' । *द काठमाडौं पोष्ट,* वेब संस्करण, २०६८ असार २ । <http://www.ekantipur.com/the-kathmandu-post/2011/06/16/nation/human-lives-at-risk-small-weapons-posing-a-threat-to-nepal/222947.html>

एड्भोकेसी फोरम । २०६८ । *प्रमुख जिल्ला अधिकारीको अर्ध-न्यायिक अधिकारका विषयमा सर्वोच्च अदालतद्वारा जारी निर्देशिका ।* काठमाडौं: एड्भोकेसी फोरम, असोज १४ । <http://www.advocacyforum.org/news/2011/09/sc-issues-directives-to-review-quasi-judicial-power-of-cdo.php>

एड्भोकेसी फोरम । २०६७ । *तराईमा व्याप्त हिंसा, यातना तथा गैरकानुनी हत्या ।* काठमाडौं: एड्भोकेसी फोरम ।

एमनेष्टी इन्टर नेसनल । २०६२ । *नेपाल: फ्याक्चर्ड कन्ट्री, स्याटर्ड लाइभ्स ।* लण्डन । <http://www.amnesty.org/en/library/info/ASA31/063/2005/en>

बस्नेत, माधव । २०६४ । *हराएका बन्दुकहरू ।* नेपाली टाइम्स नम्बर ३३८ । वेब संस्करण, माघ । http://www.nepalitimes.com/issue/2007/03/02/fromthenepali-press/13228>

बस्नेत, वाई । २०५६ । 'आरोपको राजनीतिकरणदेखि राजनीतिक हिंसासम्म: नेपालमा माओवादी आन्दोलनको विश्लेषण' । कार्यपत्र श्रृंखला ०७-७८ । लण्डन: लण्डन स्कुल अफ इकोनोमिक्स एण्ड पोलिटिकल साइन्स, डिभलपमेन्ट स्टडिज इन्ष्टिच्युट ।

बोवान्स, आर. । २०६० । 'तुलनात्मक अवधारणामा नेपाली माओवादी: भारतीय नक्सलवादीको इतिहासबाट सिकाइ' । हिमालय: द जर्नल अफ द एशोसिएसन फर नेपाल र हिमालयन स्टडिज, २३:१, पृष्ठ ३१-३७ ।

कार्टर सेन्टर । २०६८ । *नेपाली राजनीतिक पार्टीका युवा भ्रातृ सँगठन ।* काठमाडौं । एटलान्टा: कार्टर सेन्टर ।

कार्टर सेन्टर । २०६५ । *संविधानसभा निर्वाचन, २०६४ को अवलोकन ।* एटलान्टा: कार्टर सेन्टर ।

चापागाई, के र गौतम, बी । २०६६ । 'विशेष सुरक्षा योजना कार्यान्वयन ।' *माई रिपब्लिका,* वेब एडिसन १४ साउन । <http://archives.myrepublica.com/portal/index.php>

क्लापहाम, ए । २०६६ । 'गैर-राज्यपक्षीय पात्रहरू ।' चेतैल, भी., सम्पा. *द्वन्द्वपछि शान्ति निर्माण: शब्दकोष ।* अक्सफोर्ड: अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

दाहाल पी. । २०६९ । 'नेकपा-माओवादी ' गठन' सैनिक संरचना' । *द काठमाडौं पोष्ट,* वेब एडिसन, १६ असोज । <http://www.ekantipur.com/the-kathmandu-post/2012/10/01/top-story/cpn-m-forming-military-structure/240273.html>

इन्सिएडल, सेबासियन, डेभिड एम. म्यालोन र सुमन प्रधान । २०६९ । *संक्रमणमा नेपाल: जनयुद्धदेखि कमजोर शान्तिको अवस्थासम्म ।* क्याम्ब्रिज: क्यनम्ब्रिज युनिभर्सिटी प्रेस ।

इकान्तिपुर, २०६८ । 'गृह मन्त्रालयद्वारा साना हतियार नियन्त्रण कार्य योजना स्वीकृत' । वेब संस्करण, १२ कात्तिक । <http://www.ekantipur.com/2011/10/28/top-story/home-ministry-approves-small-arms-control-work-plan/342879.html>

गिडवानी, भी., र पौडेल डी. । २०६८ । 'सीमान्तकृत समुदाय: नेपालमा माओवादी आन्दोलन सुरु हुनुअघिको इतिहास ।' भूगोल सम्मेलनमा प्रस्तुत कार्यपत्र, सुनी ग्र्याजुएट सेन्टर, १६ कात्तिक ।

गिरी, ए । २०६८ । 'सशस्त्रको संख्यामा ठूलो कमी' । इकान्तिपुर, ४ असार । <http://www.ekantipur.com/2011/06/18/top-story/number-of-armed-outfits-goes-down-drastically/335881.html>

गिरी, ए. । २०६८ । 'सशस्त्रको संख्या घट्दै' । काठमाडौं पोष्ट, वेब संस्करण, ३१ भदौ । <http://www.ekantipur.com/tkp/>

नेपाल सरकार । २०६८ । *नेपालको जनसंख्या प्रतिवेदन २०६८ ।* काठमाडौं: नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, जनसंख्या विभाग ।

ह्युमन राइट्स वाच । २०६२ । *नेपाल: संकटकालबाट मानवअधिकार प्रभावित ।* २० माघ । <http://www.hrw.org/>

हट, एम । २०६१ । *हिमाली जनयुद्ध: नेपालका माओवादी विद्रोही ।* ब्लुमिङटन: इण्डियाना युनिभर्सिटी प्रेस । ।

२०६१ख । 'नेपालमा परिचय: राजतन्त्र, लोकतन्त्र र माओवाद' । माइकल हट (सम्पा.) । *हिमालयन पिपुल्स वार: नेपालका माओवादी विद्रोही ।* ब्लुमिङटन: इण्डियाना युनिभर्सिटी प्रेस, १-२१ ।

आईसीजी (अन्तर्राष्ट्रिय विपद् समूहल) । *नेपालको संविधान (२) : राजनीतिक माध्यमको विस्तार ।* नं. २३४, ११ भदौ २०६९ । काठमाडौं । ब्रसेल्स ।

२०६८क । *नेपालको संविधान (१): क्रान्ति होइन विकास ।* नं. २३३, ११ भदौ २०६९ । काठमाडौं । ब्रसेल्स ।

२०६८ । नेपाल: परिचयका लागि राजनीति तथा संघीयता । एसिया रिपोर्ट नं. १९९, २९ पुस । काठमाडौं । ब्रसेल्स ।

-२०६७ । मार्गमा नेपालको राजनीतिक अनुष्ठान । एसिया रिपोर्ट नं. १९४, असोज १३ । काठमाडौं: । ब्रसेल्स ।

- २०६७क । नेपालको निर्वाचन: शान्तिपूर्ण क्रान्ति ? एसिया रिपोर्ट नं. १५५, ३ जुलाई । काठमाडौं । ब्रसेल्स ।

- २०६१ । नेपाल: ग्रामीण लडाकु निर्माण योजना खतरनाक, एसियाको प्रतिवेदन, ६ फागुन । काठमाडौं । ब्रसेल्स ।

इन्टरडिसिप्लिनरी एनालाइसिस, नेपाल मधेश फाउण्डेसन, साना हतियार सर्वेक्षण, तथा सेफरवर्ड । २०६८ । *तराईमा सशस्त्र हिंसा ।* काठमाडौं: इन्टरडिसिप्लिनरी एनालाइसिस, नेपाल

मधेश फाउण्डेसन, साना हतियार सर्वेक्षण, तथा सेफरवर्ड ।

इनसेक (अनौपचारिक क्षेत्र सेवा केन्द्र) । २०६८ । मानवअधिकार वर्ष पुस्तक २०६८ । काठमाडौंः इनसेक ।

इन्टरनेसनल अलर्ट । २०६५ । पूर्वी तराईमा सामुदायिक क्षेत्रबारे युवा धारणा । कार्यपत्र । काठमाडौंः इन्टरनेसनल ऋलर्ट ।

इन्टरनेसनल ऋलर्ट । २०६४ । *दोसाँधमा नेपालः द्वन्द्वपछिको अवस्थामा सामुदायिक सुरक्षा सवलीकरण,* दार्त निकायका लागि जानकारी पत्र । काठमाडौंः इन्टरनेसनल ऋलर्ट ।

झा, सी. । २०६५ । *तराईमा सशस्त्र तथा राजनीतिक समूहलाई मूलधारमा ल्याउन संबादको भूमिका* । 'विकासको नयाँ आयामः चुनौती तथा अपेक्षा', आर्थिक तथा प्राविधिक अध्ययन केन्द्रद्वारा फ्रेडरिक इबर्ट स्टिफटुङ्गको सहयोगमा आयोजित । काठमाडौंः सेट्स ।

झा, डी. र अर्याल, एस. । २०६८ । *तराईमा व्यापक हत्या* । काठमाडौंः लोकतन्त्र, स्वतन्त्रता तथा मानवअधिकार प्रतिष्ठान ।

जटरसोङ्क, ओ, मुगाह, आर, तथा रोडगर्स, डी । २०६६ । 'मध्य अमेरिकामा हिंसात्मक समूह तथा हिंसा न्यूनीकरण' । सुरक्षा संबाद, ४०ः ४-५, पृष्ठ १-२५ ।

कार्की, ए तथा सेडोन डी । २०६० । *नेपालमा जनयुद्धः वाम अवधारणा* । नयाँ दिल्लीः एड्रोइट पब्लिसर्स ।

- २०६० । 'ऐतिहासिक सन्दर्भमा जनयुद्ध' । अर्जन कार्की तथा डेभिड सेडोन सम्पा., *नेपालमा जनयुद्धः वाम अवधारणा* । नयाँ दिल्लीः एड्रोइट पब्लिसर्स, पृष्ठ ३-४९ ।

खड्का, आर । २०६९ । *१३ समूह शान्तिवार्तामा* । नयाँ पत्रिका, ५ फागुन । काठमाडौं ।

खनाल, एस । २०६७ । 'तराईका सम्बन्धमा सरकारको भ्रम' । *माई रिपब्लिका,* १६ जेठ । <http://archives.myrepublica.com/portal/index.php?action=news_details&news_id=19226>

खनाल, एस । २०६६ । 'सर्वसाधारणको हातमा हतियार असुरक्षाको विस्तार' । *माई रिपब्लिका,* ३२ साउन । <http://archives.myrepublica.com/portal/index.php?action=news_details&news_id=8792>

खरेल, पी । २०६८ । 'मध्य तराईमा साना हतियारबाट प्रभावित शान्ति' । *द काठमाडौं पोष्ट, २ साउन* । <http://www.ekantipur.com/tkp/>

लावती, एम । २०६९ । 'जातिगत राजनीति र समावेशी राज्य निर्माण' । सेबासटियन भोन इनसिडल, डेबिड एम. मालोन, तथा सुमन प्रधान । *संक्रमणमा नेपाल जनयुद्धदेखि कमजोर शान्तिसम्म* । क्याम्ब्रिजः क्याम्ब्रिज युनिभर्सिटी प्रेस, पृष्ठ १२९-१५२ ।

- २०६७ । 'नेपालमा माओवादी विद्रोहको विकास र वृद्धि' । महेन्द्र लावती तथा अनुपकुमार पहरी, सम्पा. । *नेपालमा माओवादी विद्रोह । २१औं शदीको क्रान्ति* । अबिङडनः राउटलेग, पृष्ठ ३-३१ ।

- २०६४ । 'नेपालको लोकतान्त्रीकरणमा विवादास्पद राजनीति' । *महेन्द्र लावती, सम्पा. । नेपालको लोकतान्त्रीकरणमा विवादास्पद राजनीति* । नयाँ दिल्लीः सेज पब्लिकेसन्स प्रा.लि., पृष्ठ १७-४७ ।

लेडरेक, जेपी तथा थापा, पी । २०६७ । *स्थानीय मध्यस्थताः नेपालमा द्वन्द्व रूपान्तरण अवधारणा* । काठमाडौंः एसिया फाउण्डेसन । <http://asiafoundation.org/in-asia/2012/01/11/new-paper-explores-community-mediation-research-in-nepal/ >

महत, आर.एस. । २०६२ । *लोकतान्त्रिक आयामको प्रतिरक्षा तथा नेपालको राजनीतिक अर्थतन्त्रका त्रुटिपूर्ण बाटो* । नयाँ दिल्लीः एड्रोइट पब्लिकेसन्स ।

मानन्धर, एन । २०६६ । 'नेपालका सशस्त्र समूह' । *माई रिपब्लिका,* बुधबासरीय संस्करण, १३ भदौ । <http://archives.myrepublica.com/portal/index.php>

शान्ति तथा पुनर्निर्माण मन्त्रालय । २०६६ । *स्थानीय शान्ति समितिको कार्यादेश* । काठमाडौंः नेपाल सरकार । <http://www.peace.gov.np/publication-15-en.html>

मुगाह, आर. सम्पा. । २०६९ । उर्द्धगामी *अवधारणाबाट सुरक्षा मूल्यांकनः कोलम्बिया, लाइबेरिया तथा नेपालका लाभान्वित वर्गमा परेको प्रभाव (Measuring Security from the Bottom Up: A Beneficiary Impact Assessment in Colombia, Liberia and Nepal)* । अप्रकाशित कार्यपत्र ।

मुगाह, आर । २०६६ । *शान्तिको संरक्षणः द्वन्द्वोत्तर कालमा सुरक्षा प्रवर्द्धन* । जेनेभाः साना हतियार सर्वेक्षण । <http://www.smallarmssurvey.org/fileadmin/docs/A-Yearbook/2009/en/Small-Arms-Survey-2009-Chapter-07-EN.pdf>

*नागरिकन्युज* । २०६९ । 'अपराधीको भाउ सञ्चारमाध्यमले बढायो' । वेब संस्करण, २१ वैशाख । <http://www.nagariknews.com/>

*नेपालन्युज* । २०६६ । '११० सशस्त्र समूहमा मात्र १२ राजनीतिकः गृह मन्त्रालय' । वेब संस्करण, २२ भदौ । < www.nepalnews.com/>

ओडेनडाल, ए. तथा ओलिभर, आर. । २०६५ । स्थानीय शान्ति समितिः केही प्रतिविम्व तथा पाठ सिकाइ । काठमाडौंः शैक्षिक विकासका लागि प्रतिष्ठान (AED) ।

ओएचसिएचआर (मानवअधिकारका लागि राष्ट्रसंघीय उच्चायुक्तको कार्यालय) । २०६९ । *नेपाल द्वन्द्व प्रतिवेदन* । जेनेभाः ओएचसिएचआर ।

- २०६७ । *तराईमा गैरकानुनी हत्या अभियोगका सम्बन्धमा अनुसन्धान* । काठमाडौंः ओएचसिएचआर ।

*वनइण्डिया* । २०६६ । '११० सशस्त्र समूहमा १२ मात्र राजनीतिक रहेको नेपालको गृहमन्त्रालयको प्रतिवेदन' । वेब संस्करण, २२ भदौ । <http://news.oneindia.in>

पाठक, बी., र उप्रेती डी. । २०६६ । *तराई-मधेश । परिचयमा आधारित सुरक्षाको खोजी* । द्वन्द्व अध्ययन केन्द्र । काठमाडौंः सिएस सेन्टर ।

पोलिसाइजर, पी । २०६२ । *न त आतंककारी न त स्वतन्त्रताका योद्धा* । अन्तर्राष्ट्रिय अध्ययन सँगठन सम्मेलन, होनोलुलु, हवाई, ३-५ मार्च ।

प्रधान, एस । २०६३ । *तराई मन्यो मकल* । अंक ३१०, २७ साउन । <http://www.nepalitimes.com.np/issue/310/Nation/12302>

सँग्रौला, वाई । *नेपालको सार्वजनिक सुरक्षा प्रणालीका चुनौती र सम्भावना* । ओपेनियन पिस नेपाल इन्स्टिच्यूट फर पोलिसी स्टडिज । काठमाडौंः निप्स एण्ड सेफरवर्ल्ड ।

सेफर वर्ल्ड । २०६९ । *सार्वजनिक सुरक्षाको अवधारणा र काठमाडौं उपत्यकाको अपराध* । काठमाडौंः सेफरवर्ल्ड ।

सरकार, एस । २०६५ । 'नेपालको तराईका समूह रणनीतिक योजनाका लागि बिहारमा बैठक गर्दै' । *इण्डिया फोरम्स,* वेब एडिसन, ४ माघ । <http://www.india-forums.com/>

सरकार, एस । २०६५ । *बिहारमा नेपालका सशस्त्र समूहले बैठक गरेकोमा भारतद्वारा राष्ट्रसंघमा उजुरी* । आइएएनएस, वेब संस्करण, २३ कात्तिक । <http://twocircles.net/node/25947>

निडरम्यान, एस । २०६० । 'हिंसक इतिहास तथा राजनीतिक सचेतनाः सिस्कर गाउँबाट नेपालमा माओवादी गतिविधिको प्रतिविम्व' । *हिमालय,* वर्ष २३, अंक १, पृष्ठ ३९-४८ ।

सिल्क, सी.आर. । २०६७ । *ग्याङ्ग इन सेन्ट्रल अमेरिका* । कंग्रेस कमिटी तथा सदस्यहरूसमक्ष प्रस्तुत कार्यपत्र, वासिँगटनः कंग्रेसनल रिसर्च सर्भिस ।

शाह, एस । २०६५ । 'हिमालयमा क्रान्ति र प्रतिक्रियाः पश्चिम नेपालमा सांस्कृतिक द्वन्द्व तथा माओवादी 'नयाँ सत्ता' ' । अमेरिकन इथ्नोलोजिष्ट, वर्ष ३५, अंक ३, पृष्ठ ४८१-४९९ ।

शर्मा, डब्लु.जी. । २०६७ । 'परिवर्तित अवस्थामा राष्ट्रिय सुरक्षाका चुनौती' । भट्टराई, राजन तथा तथा गेजा शर्मा वाग्ले, सम्पा. *। नेपालको सुरक्षाका नयाँ चुनौती* । काठमाडौंः नेपाल इन्स्टिच्यूट फर पोलिसी स्टडिज, पृष्ठ २१९-२७२) ।

शर्मा, के । २०६३ । 'नेपालमा गृहयुद्धको राजनीतिक अर्थशास्त्र' । *विश्व विकास,* ३४:७, पृष्ठ १२३७-१२५३ ।

शर्मा, एस । २०६१ । 'माओवादी आन्दोलनः विकासवादी अवधारणा' । मिखाएल हुट, सम्पा. । *हिमाली जनताको युद्ध- नेपालका माओवादी विद्रोही* । ब्रुमिङटनः इण्डियाना युनिभर्सिटी प्रेस, ३८-५७ ।

शर्मा, जी । २०५८ । 'विद्रोहीलाई दबाउन नेपाली सेनालाई आदेश' । *द गार्जियन,* बेलायत । वेब संस्करण, १२ मंसिर ।

स्मल आर्मस सर्वे, सेफरवर्ल्ड, इन्टरडिसिप्लिनरी एनालिस्टस तथा नेपाल मधेश फाउण्डेसन । २०६८ । *तराईमा सशस्त्र हिंसा* । लण्डन । काठमाडौंः स्मल आर्मस सर्वे, सेफरवर्ल्ड, इन्टरडिसिप्लिनरी एनालिस्टस एण्ड नेपाल मधेश फाउण्डेसन ।

स्मल आर्मस सर्वे । २०६८ । स्मल आर्मस सर्वे *२०६८ : हतियारधारी झुण्ड, समूह र बन्दुक* । क्याम्ब्रिजः क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

श्रेष्ठ, डी । २०६८ । *गुण्डाको साम्राज्य* । नेपाली हिमाल, १६-३० साउन, काठमाडौं । <http://himalkhabar.com/news.php?id=4334>

टेलिग्राफ नेपाल । २०६८ । नेपालको तराईमा हिंसाः भारतको पटनामा प्रभाव, वेब संस्करण, १७ चैत । <http://www.telegraphnepal.com/>

थापा, डी । २०६९ । 'माओवादीलाई विद्रोही बनाउने काम' । इन्सिडेल, सेबासियन, डेभिड एम. मालोन, र सिमन प्रधान । *संक्रमणमा नेपालः जनयुद्धदेखि कमजोर शान्तिको अवस्थासम्म* । क्याम्ब्रिजः क्याम्ब्रिज युनिभर्सिटी प्रेस, ३७-५८ ।

*द हिमालयन टाइम्स* । २०६८ । 'साना हतियार व्यापार नियन्त्रणका लागि कार्यशाला' वेब संस्करण, २४ भदौ । <http://www.thehimalayantimes.com/fullNews.php?headline=Workshop++to+curb+small+arms+trade&NewsID=302264>

*द काठमाडौं पोष्ट* । २०६९ । 'खतरनाक हातहरू' । वेब संस्करण, २१ चैत । <http://www.ekantipur.com/the-kathmandu-post/2012/04/02/editorial/dangerous-hands/233370.html >

- । २०६८ । 'बढ्दो अपराधः सुरक्षा योजना निर्माण, साक सरकालाई भन्छ ।' वेब संस्करण, १० असार । < http://www.ekantipur.com/tkp/>

तिवारी, सी । २०५८ । *नेपालमा माओवादी विद्रोहीः अन्तर्राष्ट्रिय आयाम* । पत्र नं. १८७, साउथ एसिया विश्लेषण समूह । < http://www.southasiaanalysis.org/paper187>

युनिसेफ । २०६६ । *तराईका जिल्लामा बालबालिकाको संरक्षण तथा मूल्यांक* । न्युयोर्क । काठमाडौं : युनिसेफ ।

ह्वेलप्टन, जे । २०४५ । 'नेपालमा राजनीतिक पहिचानः राज्य, जनता र समुदाय' । डी.एन. जेलनर, प्राफ जर्नेका , जे. र हेल्पटन जे, सम्पा. *हिन्दु अधिराज्यमा राष्ट्रियता र जनजातिः समकालीन नेपालमा संस्कृतिको राजनीति* । एम्सटरडमः हारउड, पृष्ठ ३९-७८ ।

## नेपालमा सशस्त्र हिंसा अनुगमन

दि नेपाल आर्म्ड भ्वाइलेन्स एसेसमेन्ट (सशस्त्र हिंसा अनुगमन नेपाल-नाभा) स्मल आर्म सर्वेको एक परियोजना हो । यसले नेपाली अधिकारीहरू, नागरिक समाज र अन्तर्राष्ट्रिय साझेदारहरूलाई स्वतन्त्र अनुसन्धान स्रोत जुटाउने गर्दछ । नाभाले प्रारम्भिक र दोस्रो तथ्याङ्का स्रोतलाई जोड्ने गर्दछ । खासगरी यसले मूल तथ्याङ्क संकलन गर्ने र स्थलगत अनुसन्धानबाट विश्लेषण गर्ने पक्षमा ध्यान केन्द्रित गर्दछ । प्रक्रियामा प्रमुख सूचना प्रदायक अन्तर्वार्ता, अभिलेख सहितको सञ्चार अनुसन्धान, निर्दिष्ट समूह, नागरिकमा आधारित सर्वेक्षण पर्दछन् । नाभाले देहायका विषयमा अन्वेषण गर्दछः

- साना हतियार ओसार-पसार, पारवहन, उपलब्धता र नियन्त्रण,
- सशस्त्र व्यक्तिका प्रकार र चरित्र,
- सशस्त्र हिंसा र यसको पीडाको असर तथा मात्रा,
- सशस्त्र हिंसा र त्यसको आर्थिक प्रभावमाथिको अवधारणा,
- सञ्चार माध्यममा सशस्त्र हिंसाका सामग्रीको प्रतिनिधित्व र प्रस्तुति

नाभाका प्रकाशनहरुमा कार्यपत्र र विषय प्रस्तुतिहरु छन् जसमा अनुसन्धानका प्रतिवेदन, हिंसाजन्य सन्दर्भ, यसको प्रभाव, पीडक तथा पीडित तथा हिंसा न्यूनीकरण र नियन्त्रणका विषय समावेश छन् ।

नाभाका प्रकाशनहरु नेपाली र अंग्रेजी दुवै भाषामा उपलब्ध छन् ।

तिनीहरूलाई वेभसाईट (http://www.nepal-ava.org/) मार्फत डाउनलोड गर्न सकिन्छ ।

मुद्रित प्रति स्मल आर्म्स सर्वेमा उपलब्ध छ ।

## श्रेय

लेखकः सुविन्द्र बोगटी, योभाना कारापिक र रोबर्ट मुगाह
गुरुकपी सम्पादनः रोवर्ट आर्चर
नेपाली अनुवादः कपिल काफ्ले
ग्राफः जिलियन लफ, एमएपि ग्राफिक्स
साज-सज्जाः विनोद श्रेष्ठ (vgraphics@outlook.com)
मुद्रणः एपोलो अफसेट प्रेस

## सम्पर्क ठेगाना

**स्मल आर्मस सर्वे**
४७ एभिन्यू ब्ल्याङ्क
१२०२ जेनेभा
स्वीट्जरल्याण्ड
**फोन** +४१ २२ ९०८ ५७७७
**फ्याक्स** +४१ २२ ७३२ २७३८
**ईमेल** info@smallarmssurvey.org

GENEVA DECLARATION
Australian AID
Supported by Australian Aid, AusAID
NEPAL ARMED VIOLENCE ASSESSMENT
small arms survey